- ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।
- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं। सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक
दैनिक

epprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन १३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को झैकन बल्नुछ // 2022 February 25 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८१

## उखु किसानलाई पनि मलकै समस्या

नरेश यादव, पर्सागढी, १२ फागुन/

उखु किसानले पनि मलको अभाव


उखुखेतीको तयारी गर्दै। तस्वीरः प्रतीक

झेल्नुपरेको छ। कात्तिकमा उखु रोप्दा मलको अभाव झेलेका उखु किसानहरूले फागुनमा पनि अभावलाई झेल्नुपरेको छ।

उखुको लागि युरिया, डिएपी, पोटास तीनैथरीका मल आवश्यक हुन्छ। उखु रोप्दा यी तीनैथरीको मल आवश्यक भएपनि अहिले पर्सा जिल्लाका किसानहरूले मल पाउन सकेका छैनन्।

पर्सागढी नगरपालिका–१ एकटाँगाका उखु किसान गगनदेव यादवले उखु रोप्ने बेलामा मलको अभाव भएको बताए। उनले सहकारीहरूमा मल नपाएर किसानहरूले भारतबाट महँगोमा मल ल्याउनुपरेको बताए। नेपालमा प्रतिबोरा (५० किलो) डिएपी रु २२५० पर्छ भने त्यही मललाई भारतबाट ल्याउँदा ३२ सयदेखि ३५ सयसम्म खर्च गर्नुपरेको उनले बताए।

यसैगरी, युरिया प्रतिबोरा (५० किलो)को रु ८५० नेपालमा पर्छ भने भारतबाट ल्याउनेहरूले दोब्बरी मूल्य तिर्नुपरेको छ। पोटास मात्र किसानहरूले सहजरूपमा पाइरहेका छन्। एक कट्ठामा उखु लगाउँदा किसानलाई आठ किलो डिएपी, दुई किलो युरिया र पोटास आवश्यक पर्छ। तीनथरीका यी मल हालेर उखु रोप्दा प्रतिकट्ठा ४० क्विन्टलसम्म उखु उत्पादन हुने गर्छ।

पर्सागढी कृषि सहकारी संस्था लि.का सञ्चालक रामाशिष यादवले कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कम्पनीबाट मल नपाएको बताए। उनले मलको लागि बारम्बार धाउँदा पनि मल छैन भनेर फर्काएको बताउँदै मल प्राप्त भएमा किसानहरूलाई वितरण गरिने बताए।

कालिकामाई गाउँपालिकाका उखु किसान अनुप तिवारीले उखुको समयमा किसानहरूले मलको अभाव झेल्नुपरेको र यसबाट उत्पादन प्रभावित हुन सक्ने बताए। उनले मल पाउँदाको अवस्थामा पनि उखु किसानहरूले विभिन्न झन्झटहरूको सामना गर्नुपरेकोले यो खेती पछिल्लो समयमा घटिरहेको बताए। पर्सा जिल्लाभरि करीब २५ सय बिघामा उखुखेती हुँदै आएकोमा अहिले १९ सय बिघामा मात्र उखुखेती भइरहेको उनले बताए।

तिवारीले उखुखेती गर्दा प्रतिकूल मौसम भएमा विभिन्न रोगहरू लागेर उखुहरू बढी बिग्रिने, सप्रिएका उखुको भुक्तानी पनि मिलबाट समयमा नपाउने जस्ता समस्याहरूले किसानहरू पीडित भएको बताए। उखुखेती गर्ने किसानहरूले एकपटक उखु रोपेपछि दोस्रो र तेस्रोपटक रोप्नुपर्दैन। मोरहम (नयाँ उखु) रोपेका किसानले आगामी दुई वर्षसम्म उखु रोप्नुपर्दैन। उखुको खुटीबाटै नयाँ उखु पलाउँछ। उखु किसानहरूलाई स्थानीय पालिका, चिनीमिलसमेतबाट कुनै प्रकारको सहयोग नहुने गरेको उनले बताए। प्राविधिक सहयोगसम्म पनि किसानहरूलाई उपलब्ध गराएको खण्डमा यो खेती अझ फस्टाउने उनको सुझाव छ।

पर्सा जिल्लाको वीरगंज महानगर, पर्सागढी, बहुदरमाई, पोखरिया नगरपालिका, कालिकामाई, पकाहामैनपुर, जगरनाथपुर, जीराभवानी, पटेर्वासुगौली गाउँपालिकालगायतमा उखुखेती हुने गरेको छ।

## वीरगंज-पथलैया छ लेन सडकको निर्माण ८२.६६ प्रतिशत सम्पन्न

गम्भीरा सहनी, जीतपुर, १२ फागुन/

वीरगंज-पथलैया छ लेन सडक



निर्माण कार्य ८२.६६ प्रतिशत सम्पन्न भएको छ। ३१.२८ किलोमिटर दूरीको यो सडक चैत मसान्तसम्म निर्माण पूरा गरिने व्यापारिक मार्ग विस्तार योजना वीरगंज-पथलैया सडक कार्यालय, पथलैयाका सूचना अधिकारी इन्जीनियर सञ्जीवकुमार गुप्ताले बताए।

पथलैयाचोक-सूर्य नेपाल-सिमरा ४.५६ किलोमिटर सडकको ९४ प्रतिशत निर्माण कार्य सम्पन्न भएको इ. गुप्ताले बताए। सूर्य नेपाल सिमरा-आर्मी क्याम्प जीतपुरसम्म ५.८० किमी सडक निर्माण कार्य ६५ प्रतिशत सम्पन्न भएको उनले बताए। त्यस्तै आर्मी क्याम्प-परवानीपुर ५.८० किलोमिटर सडकको निर्माण ८६.८४ प्रतिशत, परवानीपुर-गण्डकचोक ४.२४ किलोमिटर ८८.३७ प्रतिशत, परवानीपुर-गण्डक नहर ३.९२ किमी सडक ८३ प्रतिशत, हरपतगंज-श्रीसिया सुक्खा बन्दरगाह ३.५० किमी



सडक ७२ प्रतिशत निर्माण कार्य भएको उनले बताए।

२०७३ असार २९ गते वीरगंज-पथलैया ६ लेन सडक निर्माणको सम्झौता भएकोमा साउनदेखि काम शुरू भएको थियो।

३० महीनाभित्र निर्माण कार्य सम्पन्न गर्ने योजना थियो तर प्राविधिक, राजनीतिक, कोरोना सङ्क्रमणको कारण काम अवरुद्ध भई यही २०७८ चैत मसान्तभित्र निर्माण कार्य पूरा गर्ने अन्तिम सहमति भएको सूचना अधिकारी गुप्ताले बताए। उनले सो सडक निर्माणमा हालसम्म ४ अर्ब ३८ करोड २८ लाख ७० हजार खर्च भएको जानकारी दिएका छन्।

## गाँजा तस्कर र प्रहरीबीच भिडन्त, एकजना तस्करको मृत्यु

प्रस, सिम्रौनगढ, १२ फागुन/

बारामा बुधवार राति गाँजा तस्कर र प्रहरीबीच गोली हानाहान हुँदा प्रहरीको गोली लागेर एकजना भारतीय नागरिकको मृत्यु भएको छ।

बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापाले सिम्रौनगढ नगरपालिका–२ महुवाहीमा बुधवार राति ११ बजे गाँजा तस्करले प्रहरीमाथि फायरिङ गरेको र जवाफी फायरिङमा एकजना भारतीय नागरिकलाई गोली लागेको र कलैया अस्पतालमा उपचारको क्रममा बिहीवार बिहान निजको मृत्यु भएको बताए। उनले गोली लागेर मृत्यु भएका भारतीय नागरिकको सनाखत हुन नसकेको रएकजनालाई पक्राउ गरेको बताए।

उनले पक्राउ पर्ने भारतीय नागरिक मोतिहारी जिल्ला बस्ने ४० वर्षीय हृदयेश गिरी भएको जानकारी गराएका छन्। उनले प्रहरीको राइफलबाट एक राउन्ड गोली फायर भएको र सो गोली लागेर भारतीय नागरिकको मृत्यु भएको र एकजनालाई नियन्त्रणमा लिए पनि अन्य भाग्न सफल भएको बताए। प्रहरीले ७५ किलो गाँजा बरामद गरेको जिप्रका, बाराले जनाएको छ।


तस्वीर सौजन्यः जिप्रका, बारा

## पर्साको पालिकाहरूमा काङ्ग्रेसको अधिवेशन सम्पन्न

सुग्रीव साह, भिस्वा, १२ फागुन/

छिपहरमाई गाउँपालिकामा नेपाली


छिपहरमाई र जगरनाथपुर गाउँपालिकामा निर्विरोध कार्यसमिति। तस्वीरः प्रतीक

काङ्ग्रेसको अधिवेशन सम्पन्न भएको छ। भिस्वामा आयोजित अधिवेशनले धुरेन्द्र साह कानूको सभापतित्वमा ३२ सदस्यीय गाउँ कार्यसमिति सर्वसम्मतिबाट चयन गरेको छ।

गाउँ कार्यसमितिको उपसभापति रवीन्द्र यादव, शैलेन्द्र श्रीवास्तव, सचिव रूपेश उपाध्याय, अशोक महतो, सहसचिव सुरेश कुशवाहा, गणेश साह कानूलगायत सदस्यहरू छन्।

यसैगरी, पकाहामैनपुर गाउँपालिकामा पनि नेपाली काङ्ग्रेसको गाउँ अधिवेशन सर्वसम्मतबाट सम्पन्न भएको छ। हरिहरप्रसाद चौहानको सभापतित्वमा ३२ सदस्यीय गाउँ


प्रमुख प्रशासकीय अधिकृत जयचन्द साहलाई कालिकामाईमा स्वागत गर्दै जनप्रतिनिधिहरू। तस्वीरः प्रतीक

कार्यसमिति चयन भएको हो। उपसभापति रामबहादुर सोनार, जटिल हुसेन, सचिव रामनाथ तेली, त्रिलोकी पाण्डे, सहसचिव शिवनारायण चौधरी र दीपक वर्णवाललगायत सदस्यहरू छन्।

यसैगरी जगरनाथपुर गाउँपालिकामा निर्विरोध कार्यसमिति चयन भएको छ।

(बाँकी अन्तिम पातामा)

**जग्गा बिक्रीमा**

**सिमराजीतपुर नपा नरबस्ती (साबिक पिपरासिमरा-२ घ) कित्ता नं. ४०७ को पूर्व-पश्चिम मोहडा २५ फिट र उत्तर-दक्षिण लम्बाइ ६० फिट भएको ८ धुर घडेरी तुरुन्त बिक्रीमा छ।**
**सम्पर्क- ९८५११२५३२७, ९८४५०३३३२५**

## होलीको मौका छोपेर भारतीय पेय पदार्थको तस्करी बढ्यो

प्रस, वीरगंज, १२ फागुन/

वीरगंजलगायत पर्सा जिल्लाभरि


फोटोः फाइल

अहिले भारतीय पेय पदार्थहरू तस्करीको माध्यमबाट भित्रिंदै छन्। फागु पूर्णिमालाई लक्षित गरेर बर्सेनि भारतीय कोक, फेन्टा, स्प्राइट, मैङ्गो जुस बजारभरि छ्याप्छ्याप्ती हुने गरेको र यस वर्ष पनि यो क्रम जारी छ।

नेपालमा पनि उत्पादन हुने यी पेय पदार्थहरू भारतबाट तस्करीको माध्यमबाट आउँदा नेपाली पेय पदार्थहरूको बिक्रीमा प्रतिकूल असर परिरहेको छ। नेपाली पेय पदार्थको तुलनामा भारतीय पेय पदार्थ सस्तो भएको र खुला सीमानाकाबाट भित्रिने क्रम जारी रहेको व्यवसायीहरूले बताएका छन्। भर्खरै चीसो मौसम सकिएको र फागु पूर्णिमा नजीकिएको कारण पेय पदार्थहरूको बिक्री बढेको छ। यस्तो बेलामा भारतीय पेय पदार्थहरू तस्करीबाट भित्रिएका कारण व्यवसायमा घाटा भएको र राजस्व पनि प्रभावित भएको व्यवसायीले बताए।

बजारभरि भारतीय पेय पदार्थहरू उपलब्ध हुँदा पनि सरोकारवाला निकायले छापा मारी नियन्त्रण गर्नेतर्फ कदम चालेको छैन। सीमानाकामा भएका सुरक्षाकर्मीहरूले नेपालमैं उपलब्ध पेय पदार्थ भारतबाट तस्करीको माध्यमबाट ल्याउँदा रोकटोक नगरेको कारण अहिले बजारभरि नेपाली पेय पदार्थको तुलना भारतीय पेय पदार्थको बिक्री बढेको छ।

## विचारसार र सूक्तिहरू

कोही पनि मानिस अरू कसैसँग त्यति छलिएको छैन जति स्वयं आफूसँग ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुध्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


# आन्तरिक पर्यटनको विकास गरौं

एक स्थानका मानिस घुमघामकै लागि अर्को स्थानमा पुग्दछ भने ऊ पर्यटक हो । "एक स्थानका मानिस अर्को स्थानमा गएर रात बिताउँछ भने त्यो पर्यटक हो," भन्ने भनाइ पनि  छ । यातायात र सञ्चारको वर्तमान युगमा यो भनाइ पुरानो भयो । एक स्थानका मानिस सयौं किमी दूरीको स्थानमा घुमघाम गरेर सोही दिन घर फर्कन पनि अब असम्भव कुरा रहेन । अब 'एक स्थानका व्यक्ति दृश्यावलोकन, घुमघाम, रमाइलो तथा मनोरञ्जन गर्न एवं आत्मसन्तुष्टिका उद्देश्यले अर्को स्थानमा पुग्दछ भने ऊ पर्यटक हो' भन्दा उपयुक्त हुन्छ । जसको क्रियाकलापबाट आर्थिक कारोबार वा अन्य व्यक्तिको रोजगार सृजनामा टेवा पुगिरहेको हुन्छ । जस्तै रक्सौलका व्यक्ति वीरगंज घुम्न आयो र उसले रात बिताएन तर वीरगंज घुम्नका लागि रिक्शा वा बस प्रयोग गऱ्यो भने त्यो पर्यटक हो । उसको आगमनबाट रिक्शा वा टचाम्पो चालकको आम्दानीमा वृद्धि भएको हुन्छ । को पर्यटक हो र को पर्यटक होइन भन्ने बुझाइ स्पष्ट नहुँदा पनि पर्यटन पूर्वाधार विकासमा हेलचक्रयाइँ हुन जान्छ ।

देशबाहिरबाट आउनेलाई मात्रै पर्यटक ठान्ने समस्या हामीकहाँ छ । त्यसैले कुनै कारणवश बाहिरका पाहुना नेपाल नआउँदा पर्यटन व्यवसायीहरू थला पर्ने गरेका छन् । किनभने हामीहरूले मानसिकता र पर्यटन पूर्वाधारसमेत विदेशी पाहुनालाई मात्रै मध्यनजर गरेर निर्माण गरेका हुन्छौं । कुनै पनि पर्यटकलाई विशेषतः सम्मान, सद्भाव, शान्ति–सुरक्षा, स्वास्थ्य, सञ्चार, सहजीकरणको अनुकूल वातावरण हुनुपर्छ । यसको साथै मौलिकता पनि । यति हुने हो भने मुलुकभित्रै आन्तरिक पर्यटकको घुइँचो हुन्छ । कृषक, मजदूर, कर्मचारी जोसुकै पनि केही दिन पेशागत काम गरेपछि मानसिकरूपमा पुनर्ताजगी चाहन्छन् । समयमा पुनर्ताजगी पाए, फेरि नयाँ ऊर्जाका साथ कार्यक्षेत्रमा अगाडि बढ्ने जाँगर पलाउँछ । पुनर्ताजगीका उल्लिखित अनुकूल वातावरणसहित आफ्नो सामर्थ्यले भ्याउन सक्ने स्थानको अभाव खडकिरहेको हुन्छ । फेरि पनि मानिसहरू कुनै न कुनै बहाना गरेर पुनर्ताजगीको प्रयास गरिरहेका छन् । हाम्रो मुलुकभित्र हाम्रै समाजका बासिन्दाको आर्थिक हैसियतले धान्न सक्ने किसिमको पर्यटन व्यवसाय सञ्चालनको खाँचो छ ।

प्राकृतिकरूपमा फरक हिमाल, पहाड र तराई आन्तरिक पर्यटनको लागि वरदान हो भने यहाँका विभिन्न जातजाति, भाषाभाषी, धर्म र संस्कृतिले सुनमाथि सुगन्ध थपेको छ । गर्मी महीनामा तराईका बासिन्दाको लागि हिमाली तथा पहाडी क्षेत्रको भ्रमण लोभलाग्दो हुन सक्छ । त्यसैगरी, हिमाल, पहाडका बासिन्दालाई हिउँदमा तराई क्षेत्रको भ्रमण उपयुक्त हुन्छ । एक प्रकारको धरातलका बासिन्दा फरक धरातलमा पुग्दा त्यसले कृत्रिमता नभई प्राकृतिकरूपमा नै आनन्द अनुभूति हुन्छ । यसमा खानपान र मनोरञ्जनसमेत आयातित नभई स्थानीयकरण गर्दा व्यवस्थापन पक्षको लगानी पनि कम लाग्छ र स्वदेशी पर्यटकको हैसियत अनुसार सेवा प्रदान गर्न सकिन्छ । आन्तरिक पर्यटनलाई चलायमान गराउन सके मुलुकभित्रको संस्कृति आदानप्रदान भई राष्ट्रिय एकतामा महत्त्वपूर्ण टेवा पुग्नेछ । आपसी सामीप्यता भएपछि अवसरको पहिचान सहज हुने र एक स्थानको उत्पादनले मुलुकको अर्को स्थानसम्म बजार पाउनेछ ।

# सङ्कीर्ण राष्ट्रवादले कङ्गाल बनेको श्रीलङ्का

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**चीनको ऋणबाट आफ्नो देशको मुहार फेरिने सपना देख्ने पाकिस्तान र श्रीलङ्काको अवस्था किन दयनीय छ ? हाम्रो देशका वामपन्थी र राजावादीहरूको चिनियाँ मोह कहिले कम होला ? अनुदान अस्वीकार गर्ने र ऋण स्वीकार गर्ने राष्ट्रवादले अन्ततः देशलाई नै कङ्गाल बनाउने छ ।**

आफ्नै देशका नागरिकप्रति घृणा एवं प्रतिशोधको भावनाले ग्रसित भएर सङ्कीर्ण राष्ट्रवादको नारामा लाग्ने देशका जनताको अवस्था कति बढी हानिकारक एवं दुःखद साबित हुन सक्छ, त्यसको उदाहरण हेर्न अन्त कतै जानुपर्दैन दक्षिण एशियाकै देश पाकिस्तान र श्रीलङ्कालाई हेर्दा हुन्छ । शासनसत्तामा अल्पसङ्ख्यक पञ्जाबीहरूको वर्चस्व तथा एकाधिकारले पाकिस्तानका बहुसङ्ख्यक बङ्गालीभाषीहरूमाथि उर्दू भाषा थोपरेको कुरा मन परेन र पाकिस्तानको विभाजन भई बङ्गलादेश अस्तित्वमा आयो । श्रीलङ्कामा सङ्घीय शासनको माग गरेका अल्पसङ्ख्यक हिन्दूहरू र तमिलको मागलाई अस्वीकार गरी तिनीहरूमाथि पनि सिंहाली भाषा लाद्ने काम भयो । बौद्धधर्म र सिंहाली भाषा संस्कृतिलाई श्रीलङ्काली राष्ट्रवाद ठान्ने बहुसङ्ख्यक समुदाय तमिलभाषी हिन्दूहरूमाथि भएको दमन र अत्याचारबाट खुशी थिए । तमिल विद्रोहको दमनपछि महेन्द्रा राजपाक्षे सिंहाली समुदायमा यति धेरै लोकप्रिय भए कि उनले राज्यका सबैतिर आफ्नै भाइभतिजालाई बढावा दिए तर लोकतान्त्रिक विश्वसँगको सम्बन्ध भने बिगारे । पश्चिमा देशहरूसँग बिग्रिएको सम्बन्धको कारणले गर्दा श्रीलङ्का चीनसँग नजीक हुन पुग्यो । चीनले ऋण दिन थाल्यो । चीनकै सहयोगमा हम्बनटोटा बन्दरगाह बन्यो तर त्यो राम्ररी चल्न सक्ने सुनिश्चित थिएन । त्यसले सञ्चालन लागतसमेत धान्न सकेन । हम्बनगेटा बन्दरगाहको सञ्चित घाटा मात्रै ५७ बिलियन डलर बढी पुगेपछि सरकारले बन्दरगाह नै चीनलाई ९९ वर्षको लागि लिजमा दिने काम गऱ्यो । त्यसपछि श्रीलङ्काको राजनीति र अर्थतन्त्रमा चीनको प्रभाव बढ्दै गयो । आफ्नै देशका नागरिकलाई लोकतान्त्रिक अधिकार दिन नचाहेको श्रीलङ्का आज विश्व समुदायबाट एक्लिने अवस्थामा पुगेको छ र चिनियाँ ऋणको पासोमा पर्न गएको छ ।

अधिकांश पश्चिमेली देशहरूले तमिल विद्रोह दमनमा गैरन्यायिक हत्या र मानव अधिकारको विषय उठाए । तमिलहरू ठूलो सङ्ख्यामा मारिए अथवा असुरक्षाको भावनाले गर्दा विस्थापित भए अथवा देश छोड्न बाध्य भए । यसबाट समाज र अर्थतन्त्रमैं एक प्रकारको शिथिलता आयो । तमिल विद्रोहलाई वार्ता, सङ्घीयता दिएर तथा शान्तिमार्फत हल गर्न सकिने सम्भावना थियो तर सिंहाली राष्ट्रवादको भावनाबाट ग्रसित श्रीलङ्का सरकारले लोकतान्त्रिक बाटो नअँगाली दमनको बाटो रोज्यो । तमिल विद्रोहलाई निर्ममतापूर्वक दमन गरिएको कारण सिंहाली समुदायमा महेन्द्रा राजपाक्षे देउतासरह पुजिन थाले । उनलाई सिंहाली राष्ट्रवाद र वीरताको प्रतीक मान्न थालियो । यसबाट लाभ उठाउन राजपाक्षेको पार्टी र परिवारले कन्जुस्याइँ गरेन । त्यहाँका उदार, लोकतान्त्रिक र समाजवादी शक्तिहरू कमजोर भए त्यसको ठाउँमा सङ्कीर्ण राष्ट्रवादले महत्त्व पायो । श्रीलङ्कामा हाल राष्ट्रपतिमा गोतावाय राजपाक्षे, प्रधानमन्त्रीमा महेन्द्र राजपाक्षे र अर्थमन्त्रीमा बसिल राजपाक्षे (तीनैजना सहोदर दाजुभाइ) विराजमान छन् अर्थात् श्रीलङ्काली राजनीति, प्रशासन, कूटनीति र अर्थतन्त्रमा एउटै परिवारले एकलौटी वर्चस्व बनाएको छ ।

श्रीलङ्काली राजनीतिमा राजपाक्षे परिवारको एकलौटी वर्चस्व हुनुको मुख्य कारण सङ्कीर्ण सिंहली राष्ट्रवादको भावना थियो । अल्पसङ्ख्यक तमिलप्रति प्रतिशोधमा आधारित बहुसङ्ख्यक सिंहाली मनोविज्ञानलाई लिट्टेविरुद्ध दमनका क्रममा राजपाक्षे परिवारले क्याप्चर गऱ्यो । सन् २००५ देखि २०१५ सम्म महेन्द्र राजपाक्षे राष्ट्रपति थिए । सन् २००७–०९ मा श्रीलङ्काली सरकारले तमिल (हिन्दू) बहुल उत्तरी जाफ्ना प्रान्तमा सशस्त्र तमिल विद्रोह दमन गर्न ठूलो सफलता पायो । त्यस घटनाले श्रीलङ्कालाई लोकतान्त्रिक विश्व जगत्‌बाट एक्ल्याउने काम गऱ्यो । श्रीलङ्काको अन्तर्राष्ट्रिय विश्वसनीयतामा ठूलो ह्रास आयो । सन् २०२० अगस्तको पछिल्लो संसदीय निर्वाचनमा एमसिसीका लागि पहल गर्ने नेताहरूको ठूलो पराजय भयो । चीन समर्थक राजपाक्षेको विजय भयो । यसले गर्दा बाँकी विश्वले श्रीलङ्कालाई चीनको पोल्टामा गएको देश बुझे र महत्त्व दिन छोडे । चीनसित ठूलो मात्रामा ऋण काढ्नुलाई आफ्नो ठूलो सफलता मानेको श्रीलङ्का आज चिनियाँ ऋणको पासोमा पर्न गएको छ । सन् २०२० मा श्रीलङ्काको सरकारले ४८ अर्ब डलरको एमसिसी अनुदान अस्वीकार गर्ने निर्णय गऱ्यो । एमसिसी लिए राष्ट्रियतामाथि असर पर्न सक्ने भ्रम फिंजाइयो तर चीनको बीआरआईको ऋण स्वीकार गर्न समस्या भएन । एमसिसीले यातायात पूर्वाधार तथा भूमि व्यवस्थापनलगायतका लागि अनुदान प्रदान गरेको थियो । भनिन्छ चिनियाँ दबाबमा उसले एमसिसी स्वीकार गरेन । विश्व बैंकका अनुसार श्रीलङ्काले कुल ४५ अर्ब डलरको दीर्घकालीन ऋणमा १५ अर्ब डलरको ऋण भुक्तान गर्नुपर्ने भयो यसै वर्ष ब्याज र साँवा गरी ७ अर्ब डलर चुक्ता गर्नु आवश्यक भएको छ । तर श्रीलङ्कामा विदेशी मुद्राको सञ्चिती ३ अर्ब डलरभन्दा कम देखिएको छ । श्रीलङ्काले आउँदो जुलाईमा नौं सय मिलियन डलरको ऋणपत्र भुक्तानी गर्नुपर्नेछ । यदि त्यो तिर्न असफल भएमा श्रीलङ्का ऋण डिफल्टमा परी सुरीनाम, बेलिज, जाम्बिया र इक्वेडरलगायतका देशको सूचीमा सामेल हुनेछ । श्रीलङ्काले सबैभन्दा बढी ऋण चीनबाट लिएको थियो । उक्त ऋण भुक्तान गर्न नसक्ने भएपछि श्रीलङ्काले भारतबाट नौ सय मिलियनडलरको सहयोग लिएको छ ।

अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र एडडाटाले गरेको अध्ययन अनुसार बीआरआई अन्तर्गत चीनले विश्वभर ३ खर्ब ८५ अर्ब डलर ऋण प्रवाह गरेको छ । बीआरआईका परियोजनाहरू विवादमा परेका छन् । त्यस्ता परियोजनाहरू खर्चिलो, ऋणमा डुब्ने खतरा रहेकोले परियोजना रद्द हुन थालेको एडडाटाको भनाइ छ । एडडाटाले १६५ मुलुकमा चीनले १८ वर्षयता सञ्चालन गरेका ८४३ अर्ब डलर बराबरको १३,४२७ परियोजनाको अध्ययन गरेको थियो । चिनियाँ ऋणको बढी जोखिममा लाओस रहेको छ । लाओसले चीनलाई कुल गार्हस्थ्य उत्पादनको २९.४ प्रशित ऋण तिर्नुपर्ने अवस्था छ । पाकिस्तानमाथि चीनको ऋणभार २५ अर्ब डलर रहेको छ । भियतनामको हनोइ रेलमार्ग निर्माण ढिलाइका कारण यसको वास्तविक लागत ६० प्रतिशत बढेर गएको छ । एडडाटाको भनाइ छ चिनियाँ ऋणको पासोमा फस्न गएको श्रीलङ्काले ऋण सम्बन्धी नीतिमा विचार गर्न चीनलाई आग्रह गरेको छ तर त्यसको असर नपर्ने निश्चित छ । चिनियाँ ऋणको पासोमा पर्नुभन्दा अघिसम्म दक्षिण एशियामा श्रीलङ्काको आर्थिक विकास र वृद्धिदरलाई तुलनात्मकरूपमा राम्रो मानिन्थ्यो । समुद्री मार्ग छोएको, टापू राज्य भएको हुँदा अन्तर्राष्ट्रिय व्यापार पहुँच पनि सहज थियो । सन् १९९० यता मानवीय विकास सूचाङ्क निरन्तर सुध्रिएको थियो । साक्षरता दर दक्षिण एशियाकै उच्च र विश्वकै उच्च मध्येको एक ९३ प्रतिशत पुगेको थियो । प्रतिव्यक्ति आय पनि ४ हजार डलर पुगेको थियो तर उग्र राष्ट्रवादको नारा र सङ्कीर्णताले यसलाई तहसनहस पाऱ्यो ।

गत वर्षको अप्रिल महीनापछि अर्थतन्त्रमा अस्वाभाविक असन्तुलन देखा पर्न थाल्यो । जूनको अन्त्यसम्म आइपुग्दा त्यस्तो असन्तुलन भयानक  समस्या र अकल्पनीय आर्थिक दुर्दशामा गयो । सरकारमात्रै अप्ठ्यारोमा परेन कि सर्वसाधारणको दैनिक जीवन सङ्कटग्रस्त हुँदै गयो । दैनिक उपभोग्य वस्तुको पसलमा लामो लाइन देखिन थाल्यो । इन्धन अभावले यातायात प्रणाली अस्तव्यस्त बन्यो । मानिसले एक छाक खाएर उपभोग्य वस्तु सञ्चय गर्न थाले । बजारमा खाद्यान्न स्वास्थ्य सामग्री, औषधि र इन्धनको चर्को अभाव हुन थाल्यो । अन्ततः श्रीलङ्काली सरकार आर्थिक आपत्‌काल घोषणा गर्न बाध्य भयो । सेना र पुलिसलाई बजार अनुगमन, नियन्त्रण, निर्देशन र आपूर्तिको जिम्मा दिइयो ।

चामल, पीठो, चीनीको स्टक सेनाले नियन्त्रणमा लिई व्यापार व्यवसाय चलाउनुपर्दा अर्थतन्त्रको गतिशीलता कमजोर भयो । जुन, अगस्त र सेप्टेम्बर तीन महीनाभित्र थप ५ लाख मानिस गरीबीको रेखा मुनि आए । दुई लाख बढीले रोजगार गुमाए । मुद्रास्फिति ११.१ प्रतिशत बढ्यो । वार्षिक औसत ७.५ बिलियन डलर हुने वैदेशिक मुद्राको सञ्चिति ३ बिलियनमा झऱ्यो । श्रीलङ्काली रुपियाँको अमेरिकी डलरसँग २० प्रतिशतले अवमूल्यन भयो । विदेशमा रहेका आधा दर्जन श्रीलङ्काली दूतावास बन्द गर्ने अवस्था उत्पन्न भयो । श्रीलङ्का यति छिटो के कसरी आर्थिक दिवालियापनमा पुग्यो ? अब अन्य देशहरू पनि यस विषयमा विचार गर्न थालेका छन् । चीनको ऋणबाट आफ्नो देशको मुहार फेरिने सपना देख्ने पाकिस्तान र श्रीलङ्काको अवस्था दयनीय किन हुन पुगेको छ ? हाम्रो देशका वामपन्थी र राजावादीहरूको चिनियाँ मोह कहिले कम होला ? अनुदान अस्वीकार गर्ने र ऋण स्वीकार गर्ने राष्ट्रवादले अन्ततः देशलाई नै कङ्गाल बनाउने छ ।

# एमसिसी परियोजना : ऊर्जा र यातायात क्षेत्रको विकासका लागि कोसेढुङ्गा

काठमाडौं, १२ फागुन/रासस

अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)सम्बन्धी सम्झौता कार्यान्वयनमा आएपछि नेपालको ऊर्जा र यातायात क्षेत्रको विकासका लागि कोसेढुङ्गा साबित हुने ठानिएको छ ।

एमसिसीले नेपाल सरकारलाई ४०० केभी क्षमताको विद्युत् प्रसारण लाइन निर्माण र देशका विभिन्न स्थानका सडकखण्डको मरम्मतसम्भारका लागि अमेरिकी डलर ५०० मिलियन अनुदान सहायताका रूपमा उपलब्ध गराउने विषयसँग सम्बन्धित छ ।

सरकारले प्रतिनिधिसभाको आइतवार बसेको बैठकमा 'नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौता' टेबल गरेको थियो । सो प्रस्तावमा बिहीवारदेखि छलफल प्रारम्भ हुँदैछ । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले प्रतिनिधिसभाको बैठकमा एमसिसी सम्झौता टेबल गर्दै यस्ता विकास परियोजनाबाट प्राप्त हुने लाभ समयमैं प्राप्त गर्न अनुमोदन गरी सहयोग गर्न आग्रह गरेका थिए ।

एक अध्ययन अनुसार सम्झौता कार्यान्वयनपछि विद्युत् प्रसारण लाइनबाट दुई करोड ३० लाख तथा सडक मरम्मत कार्यमा १० लाख नागरिकले प्रत्यक्ष लाभ प्राप्त गर्ने प्रारम्भिक अनुमान गरिएको छ । यी परियोजनाबाट ५० लाख घरधुरी लाभान्वित हुनेछ । यसका अतिरिक्त यो सम्झौता कार्यान्वयनबाट नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि ५०० मिलियन अमेरिकी डलर (हालको विनिमय दर अनुसार करीब ६० अर्ब रुपियाँ अनुदानका रूपमा प्राप्त हुने मन्त्री कार्कीले जानकारी दिए ।

काठमाडौंको लप्सीफेदीदेखि नुवाकोटको रातमाटे हुँदै हेटौंडा र दमौली हुँदै बुटवलसम्म ४०० केभी क्षमताको करीब ३०० किलोमिटर लामो प्रसारण लाइन निर्माण भई सो आसपासका विद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारणमा सहयोग पुग्नाका साथै देशभर प्रसारण लाइनको जालो फैलाउन मदत पुग्नेछ ।

यो अनुदान सहायता विद्युत् प्रसारण लाइन निर्माणमा कोसेढुङ्गा साबित हुनुका साथै देशको आर्थिक सामाजिक विकासका लागि महत्त्वपूर्ण साधनका रूपमा रहेको विद्युत्‌शक्तिको उपलब्धता सहज भई उत्पादन क्षेत्र सबल बन्ने, नेपालमा उत्पादित जलविद्युत्‌ले बजार पाउने तथा दिगो विकासमा सहयोग पुग्नेछ ।

विद्युत् प्रसारण सुनिश्चित भएपछि विद्युत् उत्पादनमा थप लगानी आकर्षित हुने र सडकखण्डको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम मरम्मत भई यातायात सुविधा सहज हुने र यस्तो मरम्मत कार्यको अनुभव अन्य सडकखण्डमा समेत उपयोग गर्न सकिने सरकारले जनाएको छ ।

हाल उच्च क्षमताको एकमात्र अन्तर्देशीय प्रसारण लाइन भएकोमा यस सहायताबाट निर्माण हुने प्रसारण लाइनमा जोडिने गरी अर्को अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्न आधार खडा भई नेपालमा उत्पादित बचत विद्युत् व्यापारका लागि ढोका खुल्ने, यसबाट नेपालले प्रत्यक्ष लाभ लिन सक्नेछ ।

मन्त्री कार्कीका अनुसार यस सम्झौताको कार्यान्वयनका लागि अन्य सबै पूर्वशर्तहरू पूरा भइसकेकोले यसको अनुमोदनपश्चात् यसबाट सञ्चालन हुने आयोजना शुरू भएको मितिले पाँच वर्षभित्र सम्पन्न भई आयोजनाको प्रतिफल समयभित्रै प्राप्त हुनेछ । अमेरिकी सहयोग निकायले ५०० मिलियन अमेरिकी डलर उपलब्ध गराउने र नेपाल सरकारले पाँच वर्षको अवधिमा १३० मिलियन अमेरिकी डलर बराबरको रकम वार्षिक विनियोजन गरी बेहोर्ने छ ।


सन्धि ऐन, २०४७ को दफा ४ को व्यवस्थाबमोजिम नेपाल सरकार,

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## मानसिक दरिद्रताले ल्याएको गरीबी

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**जबसम्म इमानदार नेता निर्वाचित गरेर शक्ति र सत्तामा पुऱ्याउँदैनौं, जबसम्म राम्रो होइन हाम्रो मान्छे (नेताहरूलाई) भनिरहन्छौं, हामीलाई गरीबीले पछ्याइ नै रहने छ । त्यसकारण सर्वप्रथम सामाजिक मनोविज्ञानमा परिर्वतन गरौं । इमानदार नेतृत्व मात्र चयन गरौं ।**

पूँजी, प्रविधि र ज्ञान सजिलै एउटा मुलुकबाट अर्को मुलुकमा निर्यात गर्न सकिने यस उत्तर आधुनिक युगमा कुनै पनि राष्ट्रले चाहेमा आफ्नो आर्थिक स्थिति सजिलै बलियो पार्न सक्छ । वर्तमानको यो विश्व–आर्थिक वातावरणको उच्चतम सदुपयोग गरेर मलेशिया, सिंगापुर, बङ्गलादेश, इन्डोनेशिया, दक्षिण कोरियाजस्ता मुलुकले आफ्नो आर्थिक स्थितिमा धेरै सुधार ल्याए । विश्व बजारमा आफ्नो स्थिति र उपस्थिति अर्थपूर्ण पारे ।

यस उत्तर आधुनिक युगमा गरीबीको सम्बन्ध रुपियाँ, पैसा, धन, सम्पत्तिसँग छैन । गरीबीको सम्बन्ध ज्ञानसँग छ । संस्कृति र जनताको राष्ट्रिय मनोविज्ञानसँग सम्बन्धित छ । आफ्नो ज्ञानको उच्चतम प्रयोग गरेर एउटा सानो राष्ट्र कतार अहिले आफ्नो क्षेत्रको शक्तिशाली राष्ट्रहरूमध्ये एक हुन पुगेको छ। अहिले सानो राष्ट्र कतारले आफूभन्दा ठूलो राष्ट्र साउदी अरेबियाको राजनीतिलाई प्रभावित गर्न सक्छ । सुडान, इथियोपिया, लिबिया, इरान, इराकजस्ता तुलनात्मकरूपमा ठूला राष्ट्रहरू आर्थिक समस्याको जालोमा फसेका छन् । आफ्नै गृह राजनीतिले गर्दा आर्थिक विकासको क्षेत्रमा पछाडि परेका छन्। इरानले त अहिले विश्वका अनेक मुलुकले लगाएको आर्थिक नाकाबन्दी बेहोरिरहेको छ । र त्यो आर्थिक नाकाबन्दीले गर्दा कुनै समयको सम्पन्न राष्ट्र इरानमा अहिले गरीबहरूको आर्थिक जीवन कष्टकर हुन पुगेको छ। इरान, पाकिस्तान, अफगानिस्तान यस्ता राष्ट्र हुन् जहाँ धार्मिक कट्टरता छ । अफगानिस्तानको शासन व्यवस्था नै कट्टर धार्मिक व्यक्ति (तालिबानी) हरूको हातमा छ भने इरानको सर्वोच्च पदमा धार्मिक गुरु–अली खमनेइ छन् । ती देशहरूमा प्रजातान्त्रिक कानून होइन, धार्मिक कट्टर नियमको सर्वोच्चता छ ।

अब हामी आफ्नो देश नेपालको कुरा गरौं । हाम्रो देशको गरीबी हाम्रो ज्ञान एवं राष्ट्रिय मनोविज्ञासँग सम्बन्धित छ, धन, सम्पत्ति, रुपियाँ, पैसासँग सम्बन्धित छैन । सगरमाथाको अवस्थितिले गर्दा पर्यटनटका लागि विश्व प्रख्यात हुन पुगेको हाम्रो मुलुकमा जल स्रोतको कुनै अभाव छैन। वन, जङ्गल, जडीबुटीजस्ता प्राकृतिक साधन हाम्रो देशमा पर्याप्त मात्रामा छ । कृषिका लागि नेपाली भूमि विश्वमैं ज्यादै उपयोगी मानिन्छ । यहाँ जनतामा सीप छ, कुशलता छ । नेपालीहरू अहिले अन्तर्राष्ट्रिय श्रम बजारमा पुगेका छन्। भनिन्छ अहिले एक करोड जति नेपाली मुलुक बाहिर छन् । नेपालमा ठूलो परिमाणमा ‘रेमिट्यान्स’ आउने गरेको छ ।

यति हुँदाहुँदै पनि हाम्रो मुलुककले किन आर्थिक विकास गर्न सकिरहेको छैन ? यति हुँदाहुँदै पनि हाम्रो देशले आर्थिक विकास गर्न नसक्नुको प्रमुख कारण हाम्रो राष्ट्रिय मनोविज्ञान हो । हाम्रो राष्ट्रिय मनोविज्ञानमा समस्या भएकोले हामी अक्षम, स्वार्थी, पदलोलुप, लोभी, अपराधी व्यक्तिहरूलाई निर्वाचित गरेर देशको नेतृत्व गर्ने स्थानमा पुऱ्याउँछौं। त्यस्ताहरूलाई मन्त्री, प्रधानमन्त्री बनाउँछौं। अनि त्यस्ता व्यक्तिहरू शक्ति र सत्तामा पुगेपछि जनताप्रति जवाहदेह हुनुको साटो केवल आफ्नो स्वार्थमा केन्द्रित हुन पुग्छन्। उदाहरणको रूपमा, अहिले राष्ट्रिय राजनीतिमा, एमसिसी सहयोग विषयलाई लिएर नेताहरूले गरिरहेको भद्दा अभिनय हेरौं। उनीहरूको पदलोलुप व्यवहार र उनीहरूले व्यक्त गर्ने स्वार्थी विचारहरूको विश्लेषण गरौं ।

यो आलेखमा मैले एमसिसी सहयोग नेपालले लिनुपर्छ वा लिनुहुँदैन भन्नेबारे चर्चा गर्नेछैन। यस आलेखमा केवल हाम्रा नेताहरूले एमसिसी सहयोगको व्याख्या कसरी आफ्नो स्वार्थका लागि गरिरहेका छन् त्यसबारे चर्चा गर्नेछु । हाम्रा नेताहरूको यस्तै स्वार्थी प्रवृत्तिले गर्दा देशको आर्थिक विकास हुन नसकेको हो भन्नेबारे चर्चा गर्नेछु। र यसरी जनता र नेताहरूको मनोविज्ञान एवं व्यवहारले गर्दा मुलुक साधन, स्रोत, धन, सम्पत्ति आदिले परिपूर्ण भए पनि गरीब हुन पुग्छ भन्नेबारे चर्चा गर्नेछु।

अहिले नेताहरूले धेरै भ्रमका खेती गरिरहेका छन्। त्यसमध्ये केवल एउटा खेतीको कुरा गरौं। र त्यो भ्रमको खेती उपर जनताले कसरी विश्वास गरिरहेको छ त्यसबारे चर्चा गरौं ।

नेपालले एमसिसी सहयोग लिएमा तत्काल अमेरिकी सेना नेपालभित्र प्रवेश गर्नेछ भन्दै केही नेताहरूले भ्रम छर्दैछन्। सरकारको विधोध गर्न, अमेरिकाको विरोध गर्न, आफ्ना समर्थक एवं दलका कार्यकर्ताहरूलाई सडकमा प्रदर्शन गर्न, प्रहरीमाथि ढुङ्गा बर्साउन, सडक भत्काउन पठाइरहेका छन्। तर अर्कोतिर विरोधका लागि आफ्ना कार्यकर्ताहरू सडकमा पठाउने नेताहरूले देउवा सरकारको समर्थन मात्र गरेका छैनन्, एमसिसी सहयोग सम्झौता स्वीकृत गर्नेछौं भनेर भित्रीरूपमा अमेरिकी दूतावासलाई भन्दै पनि छन्। यस्तो दोहोरो चरित्र भएको, देशको स्वार्थभन्दा आफ्नो स्थार्थ ठूलो देख्ने नेताहरूबाट पनि देशको आर्थिक विकास हुन्छ ? अनि यस्ता नेताहरूलाई पटकपटक निर्वाचित गरेर देशले गरीबीबाट उन्मुक्ति पाउँछ ?

अब अमेरिकी सेना नेपाल प्रवेश गर्ने बारे चर्चा गरौं । वर्तमान स्थितिमा अमेरिका कुनै पनि देशमा आफ्नो सेना पठाउने मनस्थितिमा छैन । उसको परराष्ट्र नीति (राष्ट्रपति जो बाइडेनको समयमा) द्वन्द्वग्रस्त राष्ट्रमा समेत अमेरिकी सेना नपठाउने रहेको छ। र यो नीति पछिसम्म कायम रहने छ । आफ्नो यस्तै नीतिले गर्दा सन् २०२१ को अगस्त महीनामा अफगानिस्तानबाट आफ्नो सेना फिर्ता बोलाएको थियो । छोटो सूचना र राम्रो तयारी नगरी अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता भएकोमा विभिन्न देशमा बाइडेन सरकारको आलोचना भएको थियो । अमेरिकाको यस्तो कदमको स्वयं हजारौं अफगानीले आलोचना गरेका थिए। जबकि अफगानिस्तानभित्र अमेरिकी सेनाहरू वर्षौंदेखि बसेको थियो ।

अब एक अर्को विश्व परिस्थितिको कुरा गरौं। युक्रेनका दुई द्वन्द्वग्रस्त क्षेत्र–लुहान्स र डोनेस्क आफूलाई अलग देश मान्दछन् तर यो कुरा युक्रेनलाई कदापि मान्य छैन। युक्रेनले यी दुई क्षेत्र आफ्नो मुलुकको अभिन्न भाग मान्दछ। यसैबीच रूसका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनका यी दुई क्षेत्र लुहान्स र डोनेस्क स्वतन्त्र देश हुन् भन्ने वक्तव्य केही दिन पहिले दिएर अन्तर्राष्ट्रिय राजनीतिमा हलचल उत्पन्न गराएका छन् । त्यति मात्र होइन, पुटिनले ती दुई क्षेत्र लुहान्स र डोनेस्कमा रूसबाट शान्ति सेनासमेत पठाएका छन्। युरोपको यो क्षेत्र नै अहिले तनावग्रस्त छ ।

पुटिनको त्यो कदमको विरोध गर्न चाहेको भए बाइडेन प्रशासनले लुहान्स र डोनेस्कमा अमेरिकी सेना पठाउन सक्थ्यो । युक्रेनलाई खुलेर सेनासहित सैनिक सहयोग गर्न सक्थ्यो । अमेरिका अहिले आफ्नो जनताले दिएको कर अन्य कुनै देशमा भएको द्वन्द्व साम्य पार्न खर्च गर्ने पक्षमा छैन । अर्थात् अमेरिका कुनै पनि देशमा आफ्नो सेना उतार्ने पक्षमा छैन। यस्तो स्थितिमा नेपालमा एमसिसी सम्झौता पारित भएमा कसरी अमेरिकाले सेना पठाउँछ ? भारत र चीनजस्ता अति शक्तिशाली राष्ट्रको माझमा रहेको देश नेपालमा आफ्नो सेना पठाउँदा अमेरिकालाई कुनै पनि किसिमको रणनीतिक फाइदा हुँदैन भन्ने कुरा अमरिकालाई राम्ररी थाहा छ । त्यसकारण अमेरिकी सेना नेपाल आउने कुरा नेपालका केही स्वार्थी नेताहरूले नेपालीमाझ छरेको भ्रम मात्र हो ।

आफ्नो राजनीतिक लाभका लागि नेताहरूले एससिसी सहयोगबारे भ्रम छरिरहेका छन्। अनि त्यस्ता राजनीतिक दलका भ्रमित कार्यकर्ताहरू सडक तोडफोड गरिरहेका छन्, प्रहरीमाथि ढुङ्गा बर्साइरहेका छन् । ती कार्यकर्ताहरूले आफ्नो देशको सम्पत्ति (सडक, संरचना आदि) तोडफोड गरेर, आफ्नै दिदी बहिनी, दाजुभाइ (प्रहरी) लाई कुटेर एमसिसीको विरोध गरिरहेका छन्। के संरचना भत्काएर, प्रहरीलाई कुटेर मात्र विरोध हुन्छ ? नेताहरूले जस्तो सिकाए कार्यकर्ताहरूले पनि त्यस्तै गर्ने हो ।

दोहोरो चरित्रका नेताहरू र त्यस्ताबाट भ्रमित कार्यकर्ताहरूबाट कसरी हुन सक्छ देशको आर्थिक विकास ?

अब एमसिसी सहयोगबारे सङ्क्षिप्त चर्चा गरौं। सबैभन्दा उत्तम विकल्प वा निर्णय एमसिसी सहयोग नलिनु हो । एमसिसी सहयोगबाट जति रकम प्राप्त हुन्छ त्यतिकै रकम नेपाल सरकारले जनतासँग ऋण (प्रचलित दरमा ब्याज भुक्तान गर्नेगरी) लिएर त्यो ऋण विद्युत्, सडकलगायत अन्य संरचना निर्माणमा खर्च गर्न सक्छ। तर सरकारमा रहेका वा अन्य राजनीतिक दलका नेताहरू त्यस्तो गर्दैनन् किनभने त्यस्तो गरेमा आफ्नो स्थार्थको राजनीति गर्न पाउँदैनन्। आफ्नो स्वार्थको राजनीति गर्न पाउने हुनाले अहिले नेताहरू आआफ्नो व्यक्तिगत र दलगत स्वार्थको हिसाबले एमसिसीको व्याख्या गरिरहेका छन् । कतिपय नेताहरूले एमसिसिलाई आउने चुनावमा उपयोग गर्ने रणनीति तयार पारेर बसेका छन्। कुनकुन नेताले दोहोरो चरित्र प्रदर्शन गरिरहेको छ, कुनकुन नेताले एमसिसी सहयोगलाई आआफ्नो स्वार्थ अनुरूप व्याख्या गरिरहेको छ हामीलाई थाहा भएकै कुरा हो। अनि फेरि त्यही कुरा आउँछ, यस्ता नेताबाट कसरी हुन्छ देशको आर्थिक विकास ? त्यसकारण म पुनः त्यो भनाइ दोहोऱ्याउँछु– नेपालको गरीबी, हाम्रो देशको गरीबी धन, सम्पत्ति, स्रोत, साधनहरूको अभावसँग सम्बन्धित छैन, हाम्रो गरीबीको प्रत्यक्ष सम्बन्ध हाम्रो मनोविज्ञानसँग छ। हाम्रो दूषित र स्वार्थी राजनीतिसँग छ ।

जबसम्म इमानदार नेता निर्वाचित गरेर शक्ति र सत्तामा पुऱ्याउँदैनौं, जबसम्म राम्रो होइन हाम्रो मान्छे ( नेताहरूलाई) भनिरहन्छौं, हामीलाई गर ीबीले पछ्याइ नै रहने छ। त्यसकारण सर्वप्रथम सामाजिक मनोविज्ञानमा परि र्वतन गरौं। इमानदार नेतृत्व मात्र चयन गरौं ।

नेताहरू इमानदार भएको भए एउटा साझा सहमतिमा पुगेर एमसिसी सहयोग लिने वा नलिने भन्ने ठोस निर्णय गर्थे। अहिलेजस्तो भद्दा सडक नाटक प्रदर्शन गर्ने थिएनन् ।

## रेल सञ्चालन हुन लाग्दा मुआवजा विवाद पनि समाप्त

–गोपालप्रसाद बराल
महोत्तरी, १२ फागुन/रासस

टाढैसम्म सुनिने रेलको आवाज अहिले महोत्तरी र धनुषाका सर्वसाधारणका लागि मनोरञ्जनको विषय बनेको छ । यही फागुन सङ्क्रान्तिदेखि भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रित्तो रेल चल्न थालेपछि यस भेगमा उल्लास छाएको हो। दैनिक एकपटक आवतजावत गर्ने रेलको आवाज थाहा पाएपछि स्टेशन र रेलमार्ग वरिपरि रमिते जम्मा हुने गरेका छन् । रेलको ‘सिठ्ठी’ पाँच/सात किलोमिटर परसम्म सुनिने हुँदा नजीकका सर्वसाधारण रेल हेर्न दौड्दै आउने गरेका छन्। चलिरहेका बखत यसको ‘छकछक’ आवाजले पनि सर्वसाधारण मख्ख देखिएका हुन् ।

“आब रेल चल लागल...जल्दिए चढ पैवाक आस जागल” (अब रेल चल्नै लाग्यो नि ! चाँडै चढ्न पाइने आस पनि जाग्यो) कुर्था रेल स्टेशन नजीकैको लोहारपट्टी नगरपालिका–४ खुट्टा बस्तीका मुस्लिम कवारी भन्छन्–“जहिया रेल यात्री के चढाव लागत, हम पहिल दिन परिवारक सबगोटे जयनगर जायब” (जुन दिन रेलले यात्री चढाउन थाल्छ, म परिवारका सबैलाई लिएर जयनगर जानेछु)। कुर्था धनुषा जिल्लामा पर्ने भए पनि स्टेशन नजीकै महोत्तरीका पिपरा गाउँपालिका र लोहारपट्टी नगरपालिकाका सघन बस्ती छन् । धनुषातर्फ कुर्था मात्र भएको हुँदा यहाँ आउजाउ गरिरहेको रेल महोत्तरीका १० भन्दा बढी बस्तीका लागि अहिले रमाइलो माध्यम बनेको छ।

पिपरा गाउँपालिकाका रतनपुर, रतौली र कुर्थासँगै जोडिएका बस्ती हुन्। त्यसैगरी लोहारपट्टीका महदैया, तपनपुर, खुट्टा उत्तरवारी, वरटोल, मधपुरा र भ्रमरपुरा बस्ती पनि कुर्था स्टेशनबाट नजीक पर्छ । उद्घाटन नहुन्जेल ‘ड्राइ रन’ गर्न अहिले दिनहुँ एकपल्ट चल्ने गरेको रेल हेर्न यस भेगका बस्तीबाट सर्वसाधारणको भीड लाग्ने गरेको छ। रित्तै भए पनि रेल चल्न थालेपछि अब छिट्टै चढ्न पाइने आस सर्वसाधारणमा जागेको छ।

“पैछला तीन सालस आब रेल चलत कहैत सोरगुल मचैत छल, मुदा नई चलल” (पछिल्ला तीन वर्ष यता अब चाहिं रेल चल्छ भन्ने चर्चा खुब चल्थ्यो तर अहिले त्यस्तो भएन) खुट्टा वरटोल बस्तीकी ७० वर्षीया सीयादेवी यादव भन्छिन्–“अई बेर रेल चलल, आब बुझाइय जे हमहुँ सब रेल चढ पायब” ( यसपालि चाहिं चल्यो, अब लाग्दैछ, म पनि रेल चढ्न पाउँछु)। यात्रीरहित रेल चलेपछि अब चाँडै चढ्न पाउने गरी सञ्चालन हुन्छ भन्ने सर्वसाधारणमा विश्वास जागेको देखिन्छ।

ट्र्याकको अवस्था यकीन गर्न र ट्राफिक जन सचेतनाका लागि रित्तो रेल चलाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ। “लिकको अवस्था बुझ्न र चलिरहेका बेला वरिपरि सर्वसाधारण नआऊन् भन्ने सचेतना जगाउन यात्रीरहित रेल चलाएका हौं”–कम्पनीका महाप्रबन्धक निरञ्जन झा बताउँछन्–“अब रेल चल्न सक्छ भन्ने भएको छ, विधिवत् उद्घाटन गरेर यात्रीसेवाका लागि रेल सञ्चालन गरिने छ ।” यसैबीच भारतीय रेल्वे कम्पनीले यही फागुन १६ वा १७ गते उद्घाटनका लागि प्रस्ताव गरेकोमा नेपालका तर्फबाट निर्णय हुन बाँकी रहेको बताइएको छ।

भारत सरकारको रेल्वे कम्पनी केआरसिएलका नायब महाप्रबन्धक इनायत हुसैन नेतृत्वको टोलीका रेल चालक देवनारायण रायले अहिले जयनगर–कुर्थासम्म रेल चलाउने भएको छ । “रेलको इन्जिन प्रतिघण्टा १४० किमी गतिमा चल्ने क्षमताको भए पनि ट्र्याकको क्षमता ११० किमी मात्र छ”–उनी भन्छन्–“अनि नजीक–नजीक दूरीमा स्टेशन भएको हुँदा पनि रेल तीव्र गतिमा चलाउन सकिन्न।” जयनगर– कुर्था ३४ किमी दूरीभित्र जयनगर, इनर्वा, महिनाथपुर, वैदेही, जनकपुरधाम र कुर्थासहित छ स्टेशन पर्छ ।

अब चल्न थालेको रेल नरोकिने कम्पनीले स्पष्ट पारेको छ । “हामी उद्घाटन चाँडै होस् भन्नेमा छौं”–महाप्रबन्धक झाको भनाइ छ । उद्घाटनका लागि नेपाल र भारतका प्रधानमन्त्रीको अनुकूल समय मिलाउनुपर्ने हुँदा अहिले गृहकार्य भइरहेको बताइएको छ। अहिले रेल चलाउन खटिएका २६ मध्ये १४ भारतीय कर्मचारी यहाँ तैनाथ छन्। अरू आवश्यकतानुसार आउने तय भएको छ । आफ्नातर्फका रेल सञ्चालनसँग सम्बन्धित ५९ जनाको जनशक्ति तयार रहेको उनको भनाइ छ। “हामी तम्तयार छौं, बस् उद्घाटनको मिति उपल्लो तहबाट निधो हुने प्रतीक्षामा छौं”–महाप्रबन्धक झा भन्छन्।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा बर्दिवास–जयनगर रेल्वेको ६९ किमी दूरीको रेल विस्तार परियोजनामध्ये हाल जयनगर–कुर्था हुँदै महोत्तरीको भङ्गाहा–५ बिजलपुरा स्टेशनसम्म ५१ किमीमा लिक निर्माण भइसकेको छ। यद्यपि कुर्था–बिजलपुरा स्टेशनसम्मको १७ किमी दूरीभित्र रेल चलाइएको छैन । “अहिले परीक्षण नै हो, उद्घाटन भएपछि यसै खण्डमा यात्री सेवा सञ्चालन हुनेछ”–उनी जोड दिन्छन्–“त्यसलगत्तै आवश्यक तयारी गरेर दोस्रो खण्ड (कुर्था–बिजलपुरा) सम्म सेवा बढाइँदै लगिने छ।” रेलसेवाको उद्घाटन नेपाल र भारतका प्रधानमन्त्रीले ‘भर्चुअल’ माध्यमबाटै गर्ने कम्पनीले जनाएको छ।

बर्दिवास–जयनगर रेल विस्तार परियोजनामा तीन खण्ड बनाई काम गरिएको छ। पहिलो खण्ड जयनगर–कुर्थासम्मको दूरीमा अहिले रेल चल्न लागेको हो। कुर्था–बिजलपुरासम्म पनि लिक, पुलपुलेसा र स्टेशन भवनसहित सबै भौतिक संरचना निर्माण भइसकेका छन् । यस खण्डमा परीक्षणलगायत अन्तिम तयारीका काम भएपछि चाँडै सेवा सञ्चालन हुने जनाइएको छ। तेस्रो खण्ड बिजलपुरा–बर्दिवास १८ किमीभित्र भने अझै काम थालिएको छैन ।

लामो समयदेखि अन्योलमैं रहेको जयनगर–जनकपुर–बर्दिवास रेल्वे विस्तारको तेस्रो खण्डको काम पनि अब अघि बढ्ने अपेक्षा गरिएको छ। पछिल्लो पटक सरकारले निर्धारण गरेको जग्गाको मुआब्जा बुझ्ने मनस्थितिमा जग्गाधनी पुग्दै गएकाले अब रेल लिक निर्माण काम अघि बढ्ने विश्वास बढेको हो । भङ्गाहा–५ बिजलपुरा रेल्वे स्टेशनबाट बर्दिवाससम्मको तेस्रो खण्डको काममा पछिल्ला केही वर्षयता जग्गा मुआब्जा विवादले बाधा पुऱ्याउँदै आएको थियो। बिजलपुरा– बर्दिवाससम्म भने बर्दिवास–१, २ र १४ मा पर्ने जग्गाको मुआब्जा विवाद थियो। यसैले जयनगर–जनकपुर–बर्दिवास र पूर्वपश्चिम रेल विस्तारको काम अघि बढ्न सकेको थिएन ।

पछिल्लोपटक जिल्लाको जग्गा मुआब्जा निर्धारण समितिले गत भदौमा तय गरेको मूल्यमा जग्गाधनीले गृहमन्त्री समक्ष पुनरवलोकनका लागि लिखित

(बाँकी पाँचौं पातामा)

## ट्राफिक प्रहरीले ७ महीनामा १४ करोड जरिवाना असुल्यो

गम्भीरा सहनी, जीतपुर, १२ फागुन/

२ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले ७ महीनामा रु १४ करोड जरिवाना रकम सङ्कलन गरी राजस्वमा दाखिला गरेको प्रमुख प्रहरी उपरीक्षक नान्तीराज गुरुङले बताएका छन् ।

चालू आव २०७८/०७९ को साउन–माघ ७ महीनामा जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले १९ हजार १ सय सवारी चालकहरूलाई कारबाई गर्दै १ करोड ७७ लाख ३७ हजार जरिवाना असुल गरेको छ ।

यसैगरी ट्राफिक प्रहरी कार्यालय, बाराले १७ हजार ३५५ जनालाई चालकलाई कारबाई गरी १ करोड ४७ लाख ९४ हजार राजस्व सङ्कलन गरेको छ भने रौतहटले १२ हजार ५४५ जनालाई कारबाई गरी रु १ करोड २१ लाख २ हजार राजस्व सङ्कलन गरेको छ।

त्यसैगरी ट्राफिक प्रहरी कार्यालय, सर्लाहीले १३ हजार १५० जना सवारीधनीलाई कारबाई गरी १ करोड २० लाख ९९ हजार, महोत्तरीले १८ हजार ६५० सवारी धनीलाई कारबाई गरी १ करोड ५७ लाख २० हजार, धनुषाले १३ हजार ३ सयजनालाई कारबाई गरी रु १ करोड १२ लाख ५१ हजार, ट्राफिक प्रहरी कार्यालय सिराहाले २३ हजार ९५० जनालाई कारबाई गरी रु १ करोड ९० लाख ८८ हजार, जिल्ला ट्राफिक प्रहरी कार्यालय सप्तरीले १८ हजार ५५० जना सवारीधनीलाई कारबाई गरी रु २५ लाख १६ हजार र २ नं. प्रदेश ट्राफिक प्रहरी कार्यालय पथलैयाले २१ हजार ७५० जना चालकलाई कारबाई गरी रु २ करोड

(बाँकी पाँचौं पातामा)



प्रहरी उपरीक्षक नान्तीराज गुरुङ

# कृषि कर्जाको औचित्य

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आजको लगानी भोलिको समृद्धि हो । समृद्धिसम्म पुग्न लगानी पहिलो र अनिवार्य शर्त हो र उत्पादनको आधार पनि हो । लगानीले उत्पादनसँगै रोजगार सिर्जना गर्छ । रोजगार आयको बलियो र सशक्त आधार हो । यसरी लगानीले आय, उत्पादन र रोजगार सिर्जना गरी मुलुकको अर्थतन्त्रलाई गति दिन्छ ।**

मुलुकको अर्थतन्त्रको प्रमुख आधारका रूपमा रहेको कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गइरहेको छ। छैटौं योजना अवधि (०३६-०३७ देखि ०४१-४२) मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ५९ प्रतिशत रहेको थियो । आठौं योजनापछि यस क्षेत्रको योगदान क्रमशः घट्दै गई नवौं योजनाको अन्त्यसम्म करीब ४०· प्रतिशतको हाराहारीमा आइपुगेकोमा अहिले अझ घटेको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७-०७८ को आर्थिक सर्वेक्षण अनुसार यो वर्ष जिडिपीमा कृषि क्षेत्रको योगदान २५.८ प्रतिशत मात्रै रहेको छ । जुन हालसम्मकै सबैभन्दा न्यून योगदान हो । आव २०६८-०६९ को जिडिपीमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी ३२.७ प्रतिशत थियो । त्यस यता जिडिपीमा कृषि क्षेत्रको योगदान एकतिहाई रहँदै आएको छ ।

व्यवसायीकरण र आधुनिकीकरणको नाममा कृषिमा अत्यधिक अनुदान वितरण गरिए पनि त्यसले प्रतिफल दिन सकेको छैन । जिडिपीमा एकतिहाई योगदान गर्दै आएको कृषि क्षेत्र निरन्तर ओरालो लागेर एक चौथाईमा झरेपछि सरोकारावालाले चिन्ता व्यक्त गर्न थालेका छन्। मुलुकको निर्यात व्यापारको करीब आधा हिस्सा कृषिमा आधारित वस्तुले ओगटेको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व क्रमिकरूपमा घट्दो क्रममा छ भने यस क्षेत्रमा सहभागी जनसङ्ख्याको अनुपात पनि क्रमिकरूपमा ओरालोलाग्दो गतिमा छ । यस क्षेत्रका समस्याबारे गरिएको एक अध्ययनले कृषि क्षेत्रको वृद्धि दर निकै कमजोर रहेको देखाएको छ । आर्थिक वर्ष २०७६-०७७ मा कृषि क्षेत्रको वृद्धिदर न्यूनतम बिन्दु २.६ प्रतिशतमा झरेको थियो । गत वर्ष कृषि क्षेत्रको वृद्धि दर १.५ मा झरेको थियो। यो वर्ष उत्पादनमा थप गिरावट आएकोले कृषि क्षेत्रको वृद्धिदर झन् घट्ने अनुमान गरिएको छ। अर्थतन्त्रको मुख्य क्षेत्र नै यति कमजोर हुँदा त्यसले देशको समग्र आर्थिक वृद्धि दरमा नकारात्मक प्रभाव पारेको छ ।

नेपालको कृषि क्षेत्र पूर्णतः मौसममा निर्भर रहन्छ । मौसमले साथ दिएको वर्ष यस क्षेत्रको वृद्धिदर साढे ५ देखि ७ प्रतिशतसम्म पुगेको देखिन्छ भने मौसम प्रतिकूल हुँदा समग्र आर्थिक वृद्धिदर ३ देखि ४ प्रतिशतमा सीमित भएको पाइन्छ। विश्व बैंकको एक अध्ययन अनुसार नेपालको उत्पादन र उत्पादकत्व सार्क क्षेत्रमैं कमजोर अवस्थामा छ । नेपालको खाद्यान्न उत्पादन अन्य छिमेकी मुलुकको तुलनामा निकै कम रहेको सो अध्ययनले देखाएको छ । यसरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व घट्दै गइरहेको अवस्थामा पनि यो क्षेत्रमा कम लागतमा बढी उत्पादन दिने खालका आधुनिक स्रोत सरंक्षण प्रविधि र बाली विविधीकरणलाई प्राथमिकता दिन नसक्दा यसले समग्र कृषि उत्पादन प्रणालीलाई नै असर पारिरहेको छ । कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गर्न नसकिएकै कारण यस क्षेत्रबाट युवा पलायन पनि बढेको हो ।

देशको ठूलो जनसङ्ख्या कृषि पेशामा आबद्ध हुँदाहुँदै पनि कृषि क्षेत्रको उत्पादन सन्तोष गर्ने लायक छैन। यस्तो अवस्थामा सुधार गर्नुपर्छ भन्ने आवाज उठेपछि उत्पादन र उत्पादकत्व बढाउन सरकारले विभिन्न सहुलियत र अनुदान शुरू गरेको छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाले कुल कर्जा लगानीको निश्चित प्रतिशत कृषिमा अनिवार्य लगानी गर्नैपर्ने प्रावधान राखेको छ । यस प्रावधान अनुसार बैंकहरूले आफ्नो कुल कर्जाको १५ प्रतिशत अनिवार्यरूपमा कृषिमा प्रवाह गर्नुपर्छ । यसको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्र बैंकले गत आर्थिक वर्षको मौद्रिक नीतिमा वाणिज्य बैंकहरूलाई २०८० असार मसान्तसम्म समय दिएको छ । २०७८ सम्म ११ प्रतिशत, २०७९ असारसम्म १३ प्रतिशत पुऱ्याउनुपर्ने भए पनि पाँचवटा बैंकले मात्र १३ प्रतिशत कटाएका छन्। १० वटा बैंकले ११ प्रतिशत पनि लगानी गर्न नसकेको अवस्था छ । यसले कृषि क्षेत्रमा बैंकहरू लगानी गर्न त्यति उत्साहित नभएको देखाउँछ । कृषिमा बैंकको भन्दा सहकारीहरूको कर्जा लगानी बढी देखिएको छ। सहकारीहरूले साना किसानहरूमा गरेको लगानी बैंकहरूले कृषिमा गरेको कुल लगानीको हाराहारी रहेको पाइन्छ ।

विगत दश वर्षको अध्ययन तथा विश्लेषण गर्ने हो भने बैंक तथा वित्तीय संस्थाले कुल ऋण लगानीमध्ये कृषि क्षेत्रमा औसत ५.३२ प्रतिशत ऋण लगानी गरेका छन्। तर यसरी गरिएको ऋण लगानी वास्तविक किसानको हातमा पुग्न सकेको छैन। ऋण पाउन पूरा गर्नुपर्ने कागजी प्रक्रिया नै किसानका लागि असहज छ। प्रक्रिया अनुसार बैंक तथा वित्तीय संस्थामा धाउने समय पनि किसानसँग छैन । त्यसैले किसानका नाउँमा दिइने कृषि ऋण अनेक निहुँमा पहुँचवाला गैरकिसानले हात पार्दै आएका छन् । किसानका नाउँमा राज्यले प्रदान गर्ने नीतिगत लाभ पनि नीति-निर्माता र नेतृत्वलाई प्रभाव पार्न सक्ने गैरकिसानले नै हडपिरहेका छन् । किसानका नाउँमा दिइने अनुदानसहितको कृषि ऋणको लाभ पनि बैंकको कागजी प्रक्रिया सजिलै मिलाउन सक्ने टाठाबाठा गैरकिसानले नै प्राप्त गर्दै आएका छन् । बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने कृषि ऋणमा वृद्धि भए पनि सो अनुरूप उत्पादन वृद्धि नहुनुले कृषि ऋणको उपयोगितामाथि पनि आशङ्का उब्जने गरेको छ। विगत दश वर्षमा कृषि ऋण औसतमा ३१.४३ प्रतिशतले बढेको छ। जस अनुसार कृषि क्षेत्रमा वार्षिक औसत एक खर्ब २३ अर्ब २७ करोड रुपियाँसम्म ऋण प्रवाह भएको देखिन्छ । तर, सोही अवधिमा कृषि क्षेत्रको वार्षिक उत्पादन भने औसत ३.० प्रतिशतले मात्रै बढेको तथ्याङ्कले देखाएको छ ।

यसरी बैंक तथा वित्तीय संस्थाले कृषि ऋण विस्तार गर्दै गर्दा यसको प्रत्यक्ष सम्बन्ध कृषि उत्पादनमा देखिनुपर्ने हो। तर त्यस्तो देखिएको छैन। कृषि ऋण बढे पनि उत्पादन बढेको छैन । विगत दश वर्षमा प्रमुख खाद्यान्न बालीको उत्पादन औसत १.८७ प्रतिशतले बढेको छ भने नगदेबालीको उत्पादन २.५९ प्रतिशतले मात्र बढेको छ। प्रमुख खाद्यान्न बालीको उत्पादन वृद्धि नहुँदा आन्तरिक माग धान्न बर्सेनि ठूलो परिमाणमा खाद्यान्न तथा तरकारी आयात भइरहेको छ । आर्थिक वर्ष २०७७-७८ मा मात्रै झन्डै ८० अर्ब रुपियाँको खाद्यान्न आयात भएको छ भने झन्डै ३९ अर्ब रुपियाँको तरकारी आयात भएको तथ्याङ्क छ । यस्तो अवस्थामा बैंक तथा वित्तीय संस्थाले कृषिका नाउँमा प्रवाह गर्ने ऋणको औचित्यमाथि नै प्रश्न उब्जिएको छ । कृषिका लागि राज्यले प्रदान गर्ने अनुदान र सहुलियतको पनि दुरूपयोग भएको छ। साना किसानले पेट काटेर राज्यलाई कर तिरिरहेका छन् । तर पहुँचवाला गैरकिसानले कृषिका नाउँमा ऋण लिएर आफ्नो व्यापार-व्यवसाय विस्तार गरी राज्यबाट अनुदान र सहुलियत लिइरहेका छन् । यो अन्यायपूर्ण विभेदको हेक्का हुँदाहुँदै पनि यसको अन्त्यका लागि राज्य गम्भीर बनेको देखिएको छैन । नीति निर्माता र राजनीतिक नेतृत्वले पनि आँखा चिम्लिरहेका छन् । विदेशबाट फर्केका हजारौं युवा स्वदेशमैं केही गर्न चाहिरहेका छन्। कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यन्त्रीकरण तथा साना व्यवसाय सञ्चालन गर्न ऋण खोजिरहेका छन्। तर बैंक तथा वित्तीय संस्थाहरूको कागज मिलाउने प्रक्रिया नै तिनका लागि प्रतिकूल बनिदिंदा ती युवा ऋणबाट वञ्चित भइरहेका छन् । यसतर्फ पनि राज्यको ध्यान जानु जरूरी छ ।

बैंक सञ्चालकहरूको संस्था सिबिफिनले गरेको एक अध्ययनले पनि कृषि कर्जा घरजग्गामा गएको देखाएको छ। त्यस्तै कृषि बीमामा ७५ प्रतिशतसम्म अनुदान दिए पनि सर्वसाधारण किसानको पहुँचमा यो बीमा पुग्न सकेको छैन । मौसममा भर पर्ने भएकोले कृषि अत्यन्त जोखिमपूर्ण व्यवसाय मानिन्छ। त्यही भएर बैंक तथा बीमा कम्पनीहरू यस क्षेत्रमा जान हच्किरहेका छन् । कृषिलाई जति प्रविधिसँग जोड्दै लगिन्छ, त्यति नै यस क्षेत्रमा कर्जाको माग बढ्छ र बीमा पनि बढ्छ। प्रविधिका कारण जोखिमको रक्षाकवच सहज भएपछि बैंकहरू पनि लगानी गर्न उत्साहित हुन्छन् । अर्को कृषि बजार पनि अनिश्चित छ । धेरै उत्पादन हुँदा फसलले मूल्य नपाउने अवस्था आउँछ। नेपालमा कृषि बजारको उचित व्यवस्था नहुँदा किसानहरूभन्दा बिचौलियाहरू बढी लाभान्वित हुने गरेको तीतो यथार्थ हामीसँग छ । यो अवस्थाको अन्त्य नभएसम्म कृषिमा कर्जा प्रवाह बढ्न कठिन हुन्छ । किसानलाई मलखाद र बीउबिजन किन्न सहज होस् भनेर सरकारले किसान क्रेडिट कार्डको व्यवस्था पनि गरेको छ। कृषि विकास बैंकले यसमा विशेष प्रडक्ट ल्याएको छ भने अन्य बैंकहरूले पनि किसान क्रेडिटको व्यवस्था गरेका छन्। तर कृषि सामग्री बिक्रेताहरूले कार्डबाट भुक्तानी नलिंदा यसको औचित्य पुष्टि हुन सकेको छैन।

यसरी पर्याप्त बजेट विनियोजन गरी त्यसको प्रभावकारी कार्यान्वयन गरे कृषिको विकास नहुने कुरै छैन । तर अहिले राज्यले कृषिलाई प्राथमिकतामा राखेको भन्दाभन्दै पनि कृषिका लागि बजेट विनियोजनमा चाहिं निकै कन्जुस्याइँ गर्दै आएको छ। विगत दश वर्षको तथ्याङ्क हेर्दा राज्यले कुल राष्ट्रिय बजेटमा कृषिका लागि औसत २.९६ प्रतिशत मात्रै बजेट विनियोजन गरेको पाइन्छ । यति थोरै बजेटबाट कृषिमा ठूलो उपलब्धिको अपेक्षा गर्न सकिंदैन। राजनीतिक नेतृत्व र जनप्रतिनिधिलाई खुशी पार्दै कनिका छरेजस्तो धेरै क्षेत्रमा बजेट छर्ने हो भने कुनै पनि क्षेत्रको विकास हुन सक्दैन । त्यसैले कृषि बजार र भण्डारणको प्रभावकारी व्यवस्था गर्ने हो भने कृषिमा आकर्षण बढ्न सक्छ। तर अनुदानको प्रचारबाजीको लोभमा पर्दा सरकारी प्रयासले कृषिलाई जति सहयोग गर्नुपर्ने हो, त्यो गर्न सकेको छैन ।

भनिन्छ आजको लगानी भोलिको समृद्धि। समृद्धिसम्म पुग्न लगानी पहिलो र अनिवार्य शर्त हो। लगानी उत्पादनको आधार पनि हो । लगानीले उत्पादनसँगै रोजगार सिर्जना गर्छ। रोजगार आयको बलियो र सशक्त आधार हो। यसरी लगानीले आय, उत्पादन र रोजगार सिर्जना गरी मुलुकको अर्थतन्त्रलाई गति दिन्छ। त्यसैले मुलुकको आर्थिक समृद्धिका सशक्त आधार कृषि क्षेत्रमा लगानी वृद्धि गर्नु अहिलेको प्रथम आवश्यकता हो । यसतर्फ राज्य गम्भीर हुनैपर्दछ ।

# सुन प्रतितोला रू ९९ हजार

काठमाडौं, १२ फागुन/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य एकै दिन प्रतितोला रु दुई हजार ५०० ले बढेर रु ९९ हजार तोकिएको छ। पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९६ हजार ५०० मा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९८ हजार ५०० तोकिएको छ। जसको मूल्य बुधवार प्रतितोला रु ९६ हजार थियो। त्यस्तै, आज चाँदीको



मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ३५ ले बढेर रु एक हजार ३१५ पुगेको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीका मूल्यमा हुने उतारचढावका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । नेपालको सुनचाँदी बजारमा अन्तर्राष्ट्रिय कारोबारले प्रभाव पार्ने हुँदा विश्व बजारमा सुनचाँदीका मूल्य बढे अनुसार नै आज नेपालको बजार मूल्यमा त्यसको प्रभाव परेको महासङ्घका अध्यक्ष मनिकरत्न शाक्यले जानकारी दिए । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ९३९ डलर आसपास कारोबार भएको छ।

ट्राफिक प्रहरीले .....

४७ लाख ६३ हजार जरिवाना सङ्कलन गरेको प्राप्त विवरणमा उल्लेख छ।

प्रमुख प्रहरी उपरीक्षक गुरुङले बढी भाडा लिएको कसूरमा १९७ जना सवारी चालकलाई रु ३ लाख १३ हजार जरिवाना गरिएको बताए ।

उनले १ हजार ६६२ जना यात्रीलाई रु ३ लाख ८५ हजार बढी भाडा फिर्ता गरिएको बताए ।

बढी भाडा लिने, यात्रीसँग ठग्ने र दुःख दिने बसका चालकहरूमाथि निगरानी गरिरहेको पनि उनले बताएका छन् ।

एमसिसी.......

मन्त्रिपरिषद्ले विसं २०७५ माघ २५ मा नेपाल सरकार र अमेरिकी सहयोग निकाय 'मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) बीच भएको अनुदान सहायता सम्झौता अनुमोदन गर्न सङ्घीय संसद्मा पेश गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको थियो । सोही अनुरूप नेपालको संविधानको धारा २७९ बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले संसद्समक्ष प्रस्ताव पेश गरेका थिए ।

नेपाल सरकार र एमसिसीबीच विसं २०७४ भदौ २९ गते भएको सम्झौता अनुसार यो सम्झौता कार्यान्वयनमा आएको मितिले पाँच वर्षभित्र यस सहयोगबाट सञ्चालन हुने आयोजना सम्पन्न हुनुपर्ने हुन्छ । सम्झौता कार्यान्वयनमा जानुपूर्व प्रतिनिधिसभाको सामान्य बहुमतबाट अनुमोदन हुनुपर्ने गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले २०७५ पुस २६ गते राय दिएकोले अनुमोदनका लागि संसद्मा प्रस्ताव गरिएको हो ।

# ऊर्जामन्त्री भुसालसँग भारतीय ऊर्जा सचिवको शिष्टाचार भेट

काठमाडौं, १२ फागुन/रासस

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालसँग भारत सरकारका ऊर्जा सचिव आलोककुमारसहितको प्रतिनिधिमण्डलले बिहीवार शिष्टाचार भेट गरेको छ ।



ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री पम्फा भुसालसँग भेटवार्ता गर्दै भारत सरकारका ऊर्जा सचिव आलोककुमार । तस्वीरः प्रतीक

सो अवसरमा उनीहरूबीच समग्र ऊर्जाको विकास, व्यापार र आपसी हितका विविध विषयमा छलफल भएको छ। नेपालसँग भएको जलविद्युत् आपसी सहकार्यबाट प्रयोगमा ल्याएर आपसी आवश्यकता परिपूर्ति गरेर आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्नुपर्नेमा जोड दिंदै मन्त्री भुसालले उत्पादन तथा व्यापारमा सहज सहकार्य आवश्यकता औंल्याइन् ।

उनले भनिन्, "हामीसँग भएको ऊर्जा स्रोतको प्रयोग आपसी सहकार्यबाट दुवै देशको विकासका लागि प्रयोग गर्नुपर्छ । त्यसका लागि द्विपक्षीय सहकार्य आवश्यक छ ।" ऊर्जा सहकार्यबारे थप प्रस्ट पार्दै मन्त्री भुसालले भनिन्, "पहिले हामीबीच ऊर्जाको व्यापार सहज हुनुपर्छ। यहाँबाट दुवै देशको विकासका लागि मदत पुग्छ र दोस्रो तेस्रो मुलुकमा ऊर्जा व्यापारका लागि सहज अवस्था सिर्जना गर्नुपर्छ । यस अर्थमा सचिवस्तरीय बैठक फलदायी हुने मैले विश्वास लिएको छु ।"

भारतीय ऊर्जा बजारमा नेपालले उत्पादन गरेको ऊर्जा व्यापारको वातावरण सहज तुल्याइदिन आग्रह गर्दै मन्त्री भुसालले असल मित्रराष्ट्रले आफ्नो छिमेकी मुलुकको समृद्धिमा सहयोग गर्ने विश्वास व्यक्त गरिन् ।

सो अवसरमा भारतीय ऊर्जा सचिव कुमारले ऊर्जा व्यापारले आपसी सम्बन्धलाई थप बलियो बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे। ऊर्जा व्यापारका लागि सहज वातावरण बनाउन आफूहरू सकारात्मक रहेको जनाउँदै उनले भने, "भारत, बङ्गलादेशसँग व्यापार अनुमति दिनका लागि हामी सकारात्मक छौं ।"

काठमाडौंमा जारी बैठकले सफल नतीजा दिने आशा व्यक्त गर्दै उनले भने, "मलाई आशा छ, यो बैठकमा हामी सफल हुनेछौं।" सचिव आलोकले अरुण तेस्रो तीव्र गतिमा अगाडि बढेको जनाउँदै भने, "मैले यो आयोजना चाँडो सम्पन्न गर्न भनेको छु, यसले आपसी मित्रता थप प्रगाढ बनाउनेछ ।"

बैठकमा ऊर्जा सचिव देवेन्द्र कार्की, सहसचिव बाबुराम भण्डारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङसहितका अधिकारीको सहभागिता थियो भने भारतका तर्फबाट सचिवस्तरीय बैठकमा सहभागी हुन नेपाल आएका भारतका अधिकारी एवं नेपालस्थित भारतीय राजदूतावासका उच्च अधिकारीको सहभागिता थियो ।

# लागूऔषधसहित मानिस पक्राउ

प्रस, रौतहट, १२ फागुन/

सूचनाको आधारमा लागूऔषध नियन्त्रण ब्यूरो, पर्सा र इलाका प्रहरी कार्यालय, गरुडाको संयुक्तरूपमा खटिएको प्रहरी टोलीले मानिससहित लागूऔषध पक्राउ गरेको छ ।

वृन्दावन नपा वडा नं १ विश्रामपुरस्थित हनुमान मन्दिरनजीक सडकखण्डमा आवतजावत गर्ने सवारीसाधन तथा पैदलयात्रीहरूलाई समेत चेकजाँच गर्ने क्रममा वृन्दावन नपा-१ रमौली बैरिया टोलमा बस्ने प्रदीपप्रसाद यादवबाट लागूऔषध ४० बोतल फेला परेको इप्रका, गरुडाले जनाएको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## रूसको सैन्य कारबाईपछि युक्रेनद्वारा मार्शल ल घोषणा

कीभ, १२ फागुन/सिन्ह्वा/एएफपी

युक्रेनका राष्ट्रपति भोलोडिमिर



जेलेन्स्कीले बिहीवार युक्रेनविरुद्ध रूसले सैन्य कारबाई शुरू गरेपछि देशमा मार्शल ल घोषणा गरेका छन्। गृह मन्त्रालयका अनुसार राजधानीमा रहेको सैन्य डिपो र एयरफिल्डमा मिसाइल प्रहार भएको छ।

कीभमा बोरिस्पिल अन्तर्राष्ट्रिय विमानस्थल र शहरका अन्य ठाउँहरूमा विस्फोटको आवाज सुनिएको सञ्चारमाध्यमले जनाएका छन्। नागरिक विमानका लागि भने देशको हवाई क्षेत्र बन्द गरिएको छ।

### युक्रेनले रूसका पाँच विमान र हेलिकप्टर खसालेको दाबी

युक्रेनी सेनाले बिहीवार देशको पूर्वमा विद्रोही नियन्त्रित एन्क्लेभ नजीक पाँचवटा रूसी विमान र एउटा हेलिकप्टर खसालेको दाबी गरेको छ।

संयुक्त सेना कमान्डका अनुसार आज फेब्रुअरी २४ गते संयुक्त सेनाको अपरेशनको क्षेत्रमा आक्रमणकारीका पाँचवटा विमान र एउटा हेलिकप्टर खसालिएको छ– सेनाका जनरल स्टाफले भनेको छ।

### युक्रेनमा सङ्कटकाल घोषणा

युक्रेनमा सङ्कटकाल घोषणा गरिएको छ। यहाँको सरकारले बिहीवार सङ्कटकाल घोषणा गरेको जनाएको हो। युक्रेनको सरकारले आजै मध्यरातदेखि लागू हुनेगरी देशभरका लागि सङ्कटकाल घोषणा गरेको हो। यो सङ्कटकाल ३० दिनका लागि घोषणा गरिएको छ।

बुधवारको संसद् बैठकले सो सङ्कटकाल पास गरेको हो। संसद्मा कायम ४५० जना सांसदहरूमध्ये ३३५ जनाले सरकारले ल्याएको सङ्कटकालको पक्षमा मतदान गरेका थिए। पूर्वी युक्रेनमा पछिल्लो समय रूसले सेना तैनाथ गरेको छ र युक्रेनमाथि रूसले हमला गर्ने योजना बनाएको बताउँदै आएको यस अवस्थामा रूसले युक्रेनमा सैन्य कारबाई शुरू गर्ने घोषणा गरेको छ।

संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा युक्रेन सङ्कटबारे छलफल चलिरहेको बेला रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सैन्य कारबाईको घोषणा गरेका छन्। पछिल्लो समय युक्रेनमा तनाव बढेको छ। अमेरिका लगायत केही पश्चिमा देशहरूले युक्रेनबाट आफ्ना कूटनीतिक कर्मचारी र नागरिक फिर्ता लगेका छन्।

### रूसी र टर्कीस राष्ट्रपतिबीच फोनवार्ता

मस्को/सिन्ह्वा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिन र उनका टर्कीस समकक्षी रिसेप तैयप एर्दोगानबीच फोनवार्ता भएको छ। उनीहरूबीच बुधवार फोनवार्ता भएको मस्कोले जनाएको छ। उनीहरूबीच पछिल्लो समय युक्रेनमा विकसित परिस्थितिबारे कुराकानी भएको बताइएको छ।

रूस र युक्रेनबीच पछिल्लो समय विवाद उत्पन्न भएको छ। युक्रेनको पूर्वी भागमा रूसले सेना तैनाथ गरेको छ र युक्रेनमाथि हमला गर्ने योजना बनाएको बताइएको छ। अमेरिकासहित पश्चिमा देशहरूले रूसले कुनै पनि बेला युक्रेनमाथि आक्रमण गर्न सक्ने बताएका छन्। रूसी राष्ट्रपति पुटिन र टर्कीस राष्ट्रपति एर्दोगानबीच युक्रेनका विषयमा वार्ता केन्द्रित रहेको मस्कोले जानकारी दिएको छ।

तर यसैबीच रूसले युक्रेनमा सैन्य कारबाई शुरू गर्ने घोषणा गरेको छ। संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा युक्रेन सङ्कटबारे छलफल चलिरहेको बेला रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सैन्य कारबाईको घोषणा गरेका छन्।

पुटिनले टेलिभिजन सम्बोधनको क्रममा डोनबास क्षेत्रमा विशेष सैन्य अभियान शुरू भएको घोषणा गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। यसैबीच राजधानी किभ, डोनेट्स्क र लहान्सक क्षेत्रमा ठूला विस्फोटको आवाज सुनिएको सञ्चार माध्यमहरूले जानकारी दिएका छन्। डोनेट्स्क र लुहान्सकलाई रूसले स्वतन्त्र राज्यको मान्यता दिइसकेको छ।

### युक्रेनलाई असैनिकीकरण गर्न सैन्य अभियान घोषणा गरेको दाबी

मस्को/एएनआई

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वी युक्रेनको पृथकतावादी नियन्त्रित क्षेत्र डोनबासको रक्षा गर्न विशेष सैन्य अभियान घोषणा गरेको विभिन्न सञ्चारमाध्यमले बिहीवार उल्लेख गरेका छन्।

आपत्कालीन ठेगाना दिँदै पुटिनले देशलाई निश्शस्त्रीकरण गर्न अपरेशन शुरू गरिएको बताएका छन्। युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले युक्रेनले रूसलाई कुनै खतरा नदिएको र नरहेको बताएको केही घण्टापछि यो घोषणा आएको हो।

रूसी भाषामा पठाइएको भावनात्मक अपीलमा जेलेन्स्कीले भनेका छन्– "तपाईंलाई भनिएको छ कि युक्रेन रूसको लागि खतरा हुन सक्छ तर यस्तो न विगतमा थियो, न अहिले छ र न भविष्यमा नै हुनेछ। तपाईं नाटोसँग सुरक्षाको ग्यारेन्टी माग्नुहुन्छ। हामी हाम्रो सुरक्षाको ग्यारेन्टी पनि माग्छौं"–बुडापेस्ट मेमोरेन्डमको एउटा भिडियोमा उक्त कुरा बताइएको छ।

युक्रेनी राष्ट्रपतिले मस्कोको दाबीलाई पनि खण्डन गर्दै आफ्नो देश रूसका लागि खतरा नभएको र रूसी आक्रमणले दशौं हजारको ज्यान लिने चेतावनीसमेत दिएका छन्।

यसैबीच, ह्वाइट हाउसले बुधवार मस्कोले युक्रेनमा आक्रमण गरे पुटिनले महत्त्वपूर्ण परिणाम भोग्नुपर्ने चेतावनी दिएको छ।

यसैबीच, युक्रेनको विद्यमान अवस्थाबारे राष्ट्रसङ्घ सुरक्षा परिषद्को आपत्कालीन बैठक चलिरहेको छ।

युक्रेनबाट अलग भएका क्षेत्र डोनेस्क र लुहान्स्कका प्रमुखहरूले रूसी राष्ट्रपतिलाई सहयोगको लागि आग्रह गरेपछि युक्रेनले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् (UNSC) को तत्काल बैठकको लागि अनुरोध गरेको छ।

पुटिनले रूसी सशस्त्र सेनालाई युक्रेनको विखण्डित क्षेत्रहरूमा पठाउन पनि आदेश दिएका छन्।

यसैबीच युक्रेनी संसद्, भेर्खोभना राडाले देशको सिमानामा बढ्दो अवस्थाबीच डोनेट्स्क र लुहान्स्क क्षेत्रहरू बाहेक सम्पूर्ण देशमा आपत्कालीन अवस्था घोषणा गर्न अनुमोदन गरेको छ।

### बाइडेनद्वारा युक्रेन आक्रमणको निन्दा

वाशिङ्टन/एएनआई

युक्रेनमा रूसको 'उत्तेजनात्मक र अनुचित आक्रमण' को निन्दा गर्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले पूर्वनियोजित युद्धले जीवन र मानवीय क्षति निम्त्याउने बताएका छन्।

"सारा संसारको प्रार्थना युक्रेनका जनताको पक्षमा छ। युक्रेनका रूसी सैन्य बलले अव्यावहारिक र अनुचित आक्रमणको सामना गर्नुपरेको छ। राष्ट्रपति पुटिनले पूर्वनियोजित युद्ध रोजेका छन्, जसले विनाश ल्याउनेछ"–बाइडेनले भनेका छन्।

"राष्ट्रपति पुटिनले पूर्वनियोजित युद्ध छनोट गरेका छन् जसले विनाशकारी मानवीय क्षति र मानवीय पीडा ल्याउने छ"–ह्वाइट हाउसबाट जारी विज्ञप्तिमा बाइडेनले भनेका छन्। संयुक्त राज्य अमेरिका र यसका सहयोगी र साझेदारहरूले एकजुट र निर्णायक जवाफ दिने पनि बाइडेनको टिप्पणी छ। यस आक्रमणले ल्याउने मृत्यु र विनाशको लागि रूस मात्र जिम्मेवार छ र विश्वले रूसलाई जवाफदेही बनाउने छ, उनले भने। अमेरिकी राष्ट्रपतिले अहिले ह्वाइट हाउसबाटै स्थितिको अनुगमन गर्ने र बिहान आफ्ना जी–७ समकक्षीहरूसँग भेट गर्ने जानकारी पनि दिएका छन्।

"भोलि बिहान म जी–७ समकक्षीहरूसँग भेट गर्नेछु र त्यसपछि युक्रेन र विश्वव्यापी शान्ति र सुरक्षा विरुद्ध यो अनावश्यक आक्रमणको लागि संयुक्त राज्य अमेरिका, हाम्रा सहयोगी र साझेदारहरू यस विषयमा उचित निर्णय लिन एकजुट हुनेछौं।

राष्ट्रपति बाइडेनले अमेरिकाले आफ्ना नाटो सहयोगीहरूसँग पनि गठबन्धनविरुद्ध कुनै पनि आक्रमण रोक्न बलियो प्रतिक्रिया सुनिश्चित गर्न समन्वय गर्नेछ। "आज राति, जिल (फर्स्ट लेडी जिल बाइडेन) र म युक्रेनका बहादुर र गर्व गर्न लायक जनताका लागि प्रार्थना गरिरहेका छौं"–उनले थपे।

राष्ट्रपति भ्लादिमिर पुटिनले पूर्वी युक्रेनको पृथकतावादी नियन्त्रित क्षेत्र डोनबासको रक्षा गर्न विशेष सैन्य अभियान घोषणा गरेपछि बाइडेनको यो टिप्पणी आएको हो। रासस


घर निर्माण गर्दा निर्धारित मापदण्ड पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका


### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | रोगभय | वृष | व्यापारवृद्धि |
| मिथुन | कडाश्रम | कर्कट | चोरभय |
| सिंह | भयचिन्ता | कन्या | मित्रमिलन |
| तुला | धनखति | वृश्चिक | सुयश |
| धनु | खर्चवृद्धि | मकर | धनलाभ |
| कुम्भ | सफलता | मीन | आलस्यता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सेनालाई एक लाख मात्रा खोप उपहार

काठमाडौं, १२ फागुन/रासस

भारतीय सेनाले नेपाली सेनालाई कोभिड–१९ विरुद्धको एक लाख मात्रा खोप उपहारस्वरूप प्रदान गरेको छ।

नेपाली सेनाको प्रधान कार्यालयमा आज आयोजित एक सङ्क्षिप्त कार्यक्रममा गोरखा ब्रिगेडका प्रमुख लेफ्टिनेन्ट जनरल पिएन अनन्तनारायणले नेपाली सेनाका रथी बालकृष्ण कार्कीलाई उक्त परिमाणको खोप हस्तान्तरण गरे।

भारत सरकारले खोपमैत्री योजना अन्तर्गत नेपाली सेनालाई उक्त खोप उपहारस्वरूप प्रदान गरेको हो।




तस्वीरः सौजन्य

## गौरका युवा समूहद्वारा प्रजिअलाई ज्ञापन

प्रस, रौतहट, १२ फागुन/

गौरका युवा समूहले बिहीवार जिल्ला प्रशासन कार्यालय, रौतहटमा ज्ञापनपत्र बुझाएको छ।

गौर राइस मिलको जग्गा बिक्री गर्नका लागि केही भूमाफियाहरूले नक्कली सहीछाप गरी घर बाटो प्रमाणित सिफारिश संलग्न गरी मालपोत रसिदसमेत काट्न लगाइ बिक्री गर्न खोजेको भन्दै आवश्यक कारबाईको लागि ज्ञापनपत्र बुझाएको युवा समूहका रवि मिश्रले बताए।

करीब दुई दर्जन युवाले ज्ञापनपत्रमा सही गरी भूमाफियाहरूको कब्जाबाट सो जग्गा बचाउन अधिग्रहणको लागि नेपाल सरकारबाट निर्णय भई अधिग्रहण प्रक्रिया अन्तर्गत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआवजा निर्धारण समितिले जग्गा र घर मुआवजा निर्धारण गरिसकेको ज्ञापनपत्रमा उल्लेख छ।

अधिग्रहण प्रक्रिया अन्तिम चरणमा पुगिसकेको कारण नक्कली भूमाफियाहरूले आत्तिएर नेपाल सरकारको निर्णयलाई निष्तेज पारी अनुचित लाभ लिने उद्देश्यले हकाधिकार नभएको व्यक्तिले जग्गा बिक्री गर्ने बदनियत चिताइ गौर नगरपालिका अन्तर्गत रहेको वडा नं ३ कार्यालयको किर्ते लेटरपैड, छापमोहर तथा वडा अध्यक्षको हस्ताक्षर भएको मिति २०७७।९।१५ गतेको चलानी नं ४५५ को चार किल्ला प्रमाणित तथा मिति २०७७।७।१७ गते चलानी नभएको घर बाटो प्रमाणित सिफारिशहरू संलग्न भएको किर्ते जालसाजीमा संलग्न रहेको जोसुकै व्यक्तिलाई तुरुन्त पहिचान गरी आवश्यक कानूनबमोजिम कारबाई गर्न ज्ञापनपत्रमा उल्लेख छ।

## लोसपाको वडास्तरीय भेला सम्पन्न

प्रस, वीरगंज, १२ फागुन/

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, वीरगंज–२६ को वडास्तरीय भेला सुगौलीमा सम्पन्न भएको छ।

भेलामा सम्बोधन गर्दै नेता सुरेन्द्र कुर्मीले वर्तमान राजनीतिक परिस्थितिमा लोसपाको विकल्प नहेको बताए। उनले केही राजनीतिक दलले फेरि मधेसीको




तस्वीरः प्रतीक

नाममा मुद्दा बनाइ समाजमा भ्रम फैलाउन खोजिरहेको बताए।

लोसपाका महानगर अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सांसद रमेश कुर्मी, जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झा, शशिकपूर मियाँ, रम्भा मिश्र, राजनारायण मिश्रलगायतले सम्बोधन गरेका थिए।

कार्यक्रमको सहजीकरण नगर सचिव विकाश चौधरीले गरेका थिए।

भेलाले ध्रुवप्रसाद पटेलको अध्यक्षतामा ३१ सदस्यीय वडा एकाइ कमिटी गठन गरेको छ।

## रेल..........

आग्रह गरे पनि सरकारले पुनरवलोकन नगर्ने प्रस्ट्याएपछि अब जग्गाधनी मुआब्जा बुझ्ने मनस्थितिमा पुगेका देखिन्छन्। "सात/सात वर्षदेखि हाम्रो जग्गा रोक्का राखेर मुआब्जा तोकिएन, बल्ल सरकारले यसपालि तोकेको छ, मूल्यमा त हामी ठगिएकै हौं"–बर्दिवास–१४ का एक जग्गाधनी भन्छन्–"अब कहाँ–कहाँ गुहार लगाउनू, हामी थाक्यौं।"

"अहिले निर्धारण गरिएको मूल्यले हामी अर्को ठाउँमा त्यति नै जग्गा लिन सक्दैनौं र अब गुहार लगाउने ठाउँ पनि बाँकी नरहेको बर्दिबास–१४ कै अर्का जग्गाधनी बताउँछन्। "बरु सरकारले अब हामीलाई किस्ताको झन्झटमा नपारोस्, एकमुस्ट रकम दिने चाँजो मिलाइदेओस्"–उनी भन्छन्।

"केही साथी अझै लडभिडको कुरा गर्दै हुनुहुन्छ, तर अब पार लाग्ने छाँट देखिन्न, एकमुस्ट रकम पाए झोला थाप्नु नै बुद्धिमानी होला"–बर्दिवास–१ का अर्का जग्गाधनी जोड दिन्छन्। बर्दिवासमा रेल्वे जग्गाको मुआब्जा प्रकरणमा दिनहुँजस्तो देखिने विरोध प्रदर्शन, नाराबाजी अब देखिन छाडेको छ।

पूर्वपश्चिम रेल र जयनगर–जनकपुर–बर्दिवास रेल विस्तार आयोजनाको संयुक्त स्टेशन बर्दिवासमा बन्ने निर्धारण भएपछि २०७३ सालमा सरकारले साबिक बर्दिवास गाविस (हाल बर्दिवास–१, २ र १४) को ५९ बिघा जग्गा अधिग्रहण गरेर रोक्का राखेको थियो। अब मुआब्जाको कुरा टुङ्गिएकोले काम अघि बढ्ने अपेक्षा हुन थालेको हो। पछिल्लो पटक जिल्लास्तरीय जग्गा मुआब्जा निर्धारण समितिले बर्दिवासको जग्गाको मूल्य ३२ प्रकरणमा खुलाई प्रतिकठ्ठा रु सात लाखदेखि रु ८० लाखसम्म मुआब्जा दिने निर्णय गरेको छ। त्यस अनुसार अब जग्गाधनीले आआफ्ना जग्गाको प्रमाणका साथ जिकिर गरेपछि मुआब्जा वितरण तत्काल गर्न सकिने प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्तरीय जग्गा मुआब्जा निर्धारण समितिका संयोजक वासुदेव दाहाल बताउँछन्।

यस अघि जयनगर–जनकपुर–बर्दिवास रेल्वे विस्तार आयोजनामा पर्ने तेस्रो खण्डकै साबिक भङ्गाहा–३, ४ (हाल भङ्गाहा–४) र साबिक किसाननगर गाविस (हाल बर्दिवास–६, ७) को मुआब्जा निर्धारण २०७६ सालमैं भएको थियो। यद्यपि बर्दिवासको मुआब्जा नतोकिंदा आफ्नो पनि केही मूल्य बढ्न सक्ने आसले केही जग्गाधनीले मुआब्जाका लागि जिकिर गरेको बर्दिबास–७ का वडाध्यक्ष फाल्गुण सुसलिङ बताउँछन्।

पछिल्लोपटक गत भदौमा निर्धारण गरिएको मुआब्जामा चित्त नबुझेको जनाउँदै बर्दिवासका जग्गाधनीले प्रतिकठ्ठा न्यूनतम रु २० लाखदेखि रु एक करोड २० लाखसम्म हुनपर्ने माग गर्दै गृहमन्त्रीलाई पुनरवलोकनका लागि आग्रह गरेका थिए। चलनचल्तीको मूल्यानुसार अध्ययन–अनुसन्धान गरी मुआब्जा तय गरिएको बताउँदै मन्त्रालयले माग सम्बोधन गर्न नसकिने प्रस्ट पारेपछि अब मुआब्जा लिनैपर्ने मनस्थितिमा जग्गाधनी पुगेका हुन्। सरकारले पनि सोही बेहोरा स्पष्ट पार्दै काम अघि बढाउन रेल्वे कम्पनी र सम्बद्ध पक्षलाई पत्राचार गरेपछि जग्गा त्यत्तिकै छाड्नुभन्दा सरकारले तय गरेको मुआब्जामैं चित्त बुझाउन जग्गाधनी अब छलफलमा जुटेका हुन्।

"मुआब्जा पुनरवलोकनका लागि गृहमन्त्री गुहार्यौं, केही पनि भएन, अब निर्धारित मूल्यमैं चित्त बुझाउनुको अर्को विकल्प देखिंदैन"–बर्दिवासका जग्गाधनी भरत अधिकारी भन्छन्। अधिकारीजस्तै बर्दिवासकै अर्का जग्गाधनी जन्मदेव महतोको भनाइ छ–"हामीलाई मुसा खेलाएझैं नखेलाइयोस्, सहजरूपमा मुआब्जा पाइयोस् र स्टेशन बनोस्।"

रेल्वेमा जग्गा पर्नेहरू अझै एकमत भइसकेका नदेखिए पनि अब सरकारले सदाशयतापूर्वक संवाद अघि बढाए स्थिति अनुकूल बन्दै जाने स्थानीय सामाजिक अभियानकर्ता बताउँछन्। तय भएको मुआब्जा कसरी जग्गाधनीले सहज र एकमुस्ट पाउन सक्छन् भन्नेमा स्थानीय प्रशासन र सम्बद्ध पक्षले समन्वय गर्नुपर्ने बर्दिवास–६ का सामाजिक अभियन्ता नीलबहादुर लुम्रेको भनाइ छ। प्रजिअ दाहालले जग्गाधनीले प्रमाणसाथ मुआब्जाका लागि निवेदन दिए उनीहरूलाई सुविधा हुनेगरी वितरण प्रक्रिया अघि बढाउन पहल गर्ने बताएका छन्।

नेपाल र भारत सरकारबीच सन् २०१० मा रेल विस्तार परियोजनासम्बन्धी सम्झौता भएर यो काम अघि बढेको थियो। जग्गा नेपाल सरकारले उपलब्ध गराउने र निर्माणसम्बन्धी सम्पूर्ण खर्च भारत सरकारले बेहोर्ने सम्झौतानुसार अहिलेसम्म ५१ किमी दूरीभित्र रेल्वे ट्र्याक, स्टेशन भवन, पुलपुलेसा, खानेपानी, विद्युत्लगायत सबै संरचना भारतले बनाएको हो। अब तेस्रो खण्ड पनि भारतले निर्माण गर्नेछ। परियोजनामा भारत सरकारले रु आठ अर्ब ७७ करोड सहयोग गर्ने सम्झौता भएको थियो।


रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



मोटरसाइकल चोरी भएको सूचना

२०० सिसीको NS पल्सर मोटरसाइकल बजाज कम्पनीको चेसिस नं MD2A36FX3LCE90503 इन्जिन नं JLXCLE13904 प्रदेश २–०३–००१० प १५६१ नम्बरको मोटरसाइकल २०७८/८/६ गते राति करीब १:३० बजे बारा, निजगढ नपा–९ बकैयाटोलमा रहेको आफ्नै घरको बरन्डामा राखेको ठाउँबाटै चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा ९८२७२३०५९४ नम्बरमा खबर गरिदिनुहुन अनुरोध गरिन्छ। फेला पार्नुहुनेलाई पुरस्कार पनि दिइनेछ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# गुणस्तरहीन र म्याद नजीकिएको औषधि खरीद गरेको आरोप

प्रस, वीरगंज, १२ फागुन/

पर्साको धोबिनी गाउँपालिकाले पुसको मात्र रहेको छ। गापाले केही महीनाअघि कोटेशनमार्फत रु २० लाखको औषधि नरहेको बताए। भरपाईमा उल्लिखित परिमाणभन्दा कम परिमाणमा औषधि






अन्तिम सातामा खरीद गरेका औषधिहरू गुणस्तरहीन भएको स्वास्थ्यकर्मीहरूले दाबी गरेका छन्। ती औषधिहरूको म्याद सकिने मिति नजीक रहेको उनीहरूको आरोप छ।

स्वास्थ्य कार्यालयका कर्मचारीका अनुसार औषधि खरीद गर्दा सो समयदेखि म्याद समाप्त हुने मिति कम्तीमा १५ महीना हुनुपर्छ तर गापाले खरीद गरेको औषधिहरूको म्याद २०२२ सेप्टेम्बरसम्म खरीद गरेको थियो।

नेपाल सरकारले औषधिलाई क, ख, ग, घ गरी चारवटा श्रेणीमा वर्गीकरण गरेको छ। धोबिनी गापाले खरीद गरेको औषधि अधिकांश 'ग' र 'घ' वर्गको रहेको स्वास्थ्य कर्मचारीहरूले जानकारी दिएका छन्।

धोबिनी स्वास्थ्य चौकीका इन्चार्ज अवधनारायण प्रसादले गापाले खरीद गरी पठाएका औषधिहरू कागजात अनुसार प्राप्त भएको उनले बताए।

यस विषयमा धोबिनी गापाका स्वास्थ्य संयोजक सञ्जय यादवसँग बुझ्दा सबै औषधिको म्याद १५ महीनाभन्दा बढी रहेको बताए। आवश्यकता अनुसार गापाले औषधि खरीद गरेको बताए। अपुग औषधिहरू स्वास्थ्य चौकीमा फेरि पठाउने बताए। उनले औषधिको भरपाई आफूले पठाएको बताए। गापा अध्यक्ष सुरेश कुर्मीले यसबारे आफूलाई थाहा नभएको बताए। विगतका कर्मचारीहरूले औषधि खरीद गरेकाले यस विषयमा बुझेर बताउने जानकारी दिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

- खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं।
- भूमिको अधिकतम उपयोग गरौं।
- कृषिलाई आत्मनिर्भर मात्र होइन व्यावसायिक बनाऔं।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी
- अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# तीन दिनमा प्रमुख प्रशासकीय अधिकृतको सरुवा

प्रस, वीरगंज, १२ फागुन/

कालिकामाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तीन दिनमा फेरिएको छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले केही दिनअघि मात्र सो गापाको प्रमुख प्रशासकीय अधिकृतमा अमित गिरीलाई सरुवा गरेको थियो।

गिरी कालिकामाई गापाको कार्यालयमा सोमवार फागुन ९ गते हाजिर भएका थिए। सोमवार हाजिर भएका उनलाई हिजो बुधवार मन्त्रालयले सरुवा गरेको छ र त्यहाँ धोबिनीका प्रमुख प्रशासकीय अधिकृत जयचन्द साहलाई पठाएको छ।

मन्त्रालयको सरुवापत्रपछि बिहीवार साहले कालिकामाई गापाको कार्यालयमा हाजिर भएका छन्। कालिकामाईमा तीन दिनअघि मात्र मन्त्रालयबाट सरुवा भएर हाजिर भएका गिरीलाई भने मन्त्रालयले जगरनाथपुर गापाको कार्यालयमा सरुवा गरेको छ। केही वर्षअघि गिरी सोही गापामा प्रमुख प्रशासकीय अधिकृत थिए।

# खेलकूदको संसार

## खेलतालिका सार्वजनिक

काठमाडौं, १२ फागुन/रासस

नेपाली राष्ट्रिय फूटबल टोली एएफसी एशियन कप छनोट अन्तर्गत तेस्रो चरणका लागि समूह 'ए'मा परेको छ। एशियन फूटबल कन्फेडेरेशन (एएफसी)ले बिहीवार सार्वजनिक गरेको 'ड्र'मा नेपाल समूह 'ए' मा परेको हो। नेपालको समूहमा कुवेत, इन्डोनेशिया र जोर्डन रहेका छन्। यस समूहको सबै खेल कुवेतमा हुनेछ।

एएफसीले छनोटमा सहभागी २४ टोलीलाई विभिन्न छ समूहमा विभाजन गरेको छ। जसमा समूह 'बी'मा प्यालेस्टाइन, फिलिपिन्स, यमन र मङ्गोलिया छन् भने समूह 'सी'मा उज्बेकिस्तान, थाइल्यान्ड, माल्दिभ्स र श्रीलङ्का छन्। समूह 'डी'मा भारत, हङकङ, अफगानिस्तान र कम्बोडिया छन्।

समूह 'ई'मा बहराइन, तुर्कमेनिस्तान, मलेशिया र बङ्गलादेश छन् भने समूह 'एफ'मा किर्गिस्तान, ताजिकिस्तान, म्यानमा र सिङ्गापुर छन्। हरेक समूहका शीर्ष टोली र पाँच समूहको उत्कृष्ट दोस्रो टोली चीनमा आयोजना हुने एशियन कप २०२३ का लागि छनोट हुनेछन्। छनोट खेल आगामी जून ८ देखि १४ तारिखसम्म हुनेछ।

# मुख्य व्यक्ति अझै पक्राउ परेन

प्रस, निजगढ, १२ फागुन/

आठ महीनाअघि रतनपुरी अस्थायी अभियुक्तमध्ये मुख्य अभियुक्तलाई प्रहरीले अझैसम्म पनि पक्राउ गर्न सकेको छैन। सोमबहादुर थिङलाई गत पुस ४ गते मकवानपुरको नामटारबाट पक्राउ गरी




गत साउन १ गते रतनपुर जङ्गलबाट प्रहरीले नियन्त्रणमा लिएको गाँजा, अटो र मोटरसाइकल। तस्वीरः फाइल

प्रहरी चौकीका इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवले गाँजा तस्करसँग सात लाख बार्गेनिङ गरी अढाई लाख रकम प्रसनि यादवलाई दिने सहमतिमा छोडिदिएका चारजना

त्यस घटनामा संलग्न अटोधनी निजगढ नगरपालिका-१२ रामथलीका ५२ वर्षीय पाल्साङ तितुङलाई करीब तीन साताअघि काठमाडौंबाट र निजगढ नगरपालिका-१२ रामथलीका ३० वर्षीय अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

अवैध गाँजा ओसारपसारमा लामो समयदेखि संलग्न हुँदै आइरहेका सोही ठाउँका दिनेश भनिने इन्द्रबहादुर भुलनलाई भने प्रहरीले अझैसम्म पनि पक्राउ गर्न सकेको छैन।

घटनाका मुख्य नाइके गाँजा कारोबारी भुलनलाई फरार सूचीमा राखी बारा प्रहरीले खोजी कार्य गरिरहेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए। सो घटनामा संलग्न अभियुक्तहरूमाथि इलाका प्रहरी कार्यालय, निजगढले अनुसन्धान गरि रहेको इप्रका, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक शङ्कर चौधरीले बताए। प्रहरी सहायक निरीक्षक नै यस घटनामा मुछिएको समाचार बाहिर आएपछि जिल्ला प्रहरी कार्यालय, बाराका एक प्रहरी निरीक्षक संयोजक तोकी तीन सदस्यीय छानबीन टोली गठन भई छानबीन शुरू भएको थियो।

# भन्सार छलीको कन्टेनरसहित चालक पक्राउ

प्रस, वीरगंज, १२ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छली ल्याएको चकलेट तथा बिस्कुट लोड कन्टेनरसहित चालकलाई पक्राउ गरेको छ।

बिलबिजकभन्दा बढी खुद्रा वस्तुहरू लोड गरी परवानीपुरतर्फ जाँदै गरेको भारतीय नम्बरको कन्टेनरलाई चेकजाँच गर्दा भन्सार छलीको सामान बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले कन्टेनर चालक भारतीय नागरिक २९ वर्षीय सुनील कुमारलाई नियन्त्रणमा लिएर आवश्यक कारबाईको लागि कन्टेनरसहितको सामानलाई राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जिप्रका, पर्साले जनाएको छ।




## पर्साको पालिकाहरू.....

बिहारी महतो नुनिया सभापति रहेको कार्यसमितिमा उपसभापतिद्वय वीरेन्द्र महतो नुनिया र विश्वम्भरराउत अहिर, सचिवद्वय ओमकार यादव र हलिम मियाँ अन्सारी, सहसचिवद्वय कमरेड राउत गद्दी, आसमन राउत गद्दीलगायत ३७ सदस्यीय गापा कार्यसमिति निर्विरोध निर्वाचित भएको मतदान अधिकृत विनोद मेहताले जानकारी गराए।




गाउँ/नगर अधिवेशनको लागि फागुन १२ गते उम्मेदवारी दर्ता, १३ गते दाबी विरोध र १४ गते मतदानको कार्यतालिका रहेको छ। जस अन्तर्गत पर्साका चौधवटा पालिकामध्ये केही पालिकामा निर्विरोध नेकाको पालिकास्तरीय कार्यसमिति निर्वाचित भइरहेको छ भने केही पालिकामा मतदानबाट समिति चयन गर्ने प्रक्रिया अघि बढेको छ।

यसैगरी, कालिकामाई गाउँपालिकामा छठु साह तेलीको सभापतित्वमा ३२ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको छ। उपसभापति रजाकराउत गद्दी, मोजालिम मियाँ मन्सुरी, सचिव महम्मद नासिर हुसैन, रमानन्द ठाकुर लोहार र सहसचिव जयकुमार साहलगायत सदस्यहरू रहेका छन्।

*चिरञ्जीवी सापकोटा, ठोरी/*

ठोरी गाउँपालिकामा भने सहमति हुन नसक्दा फागुन १४ गते शनिवार निर्वाचन हुने भएको छ। आज र भोलि दिउँसो १ बजेसम्म उम्मेदवारी दर्ताको समय तोकिएकोमा आज एक पक्षले उम्मेदवारी दर्ता गराएको छ। निर्वाचन अधिकृत रामबालक यादवले सभापति पदमा रामकृष्ण पन्तको उम्मेदवार परेको बताए।

यसैगरी, उपसभापतिमा बाबुराम लोप्चन, टेकबहादुर बस्नेत, सहसचिवमा रमेशप्रसाद पौडेल, डेमा लामालगायत नौजना सदस्यको उम्मेदवारी परेको जानकारी गराएका छन्। अर्को सन्तोष श्रेष्ठको प्यानलले भने भोलि शुक्रवार उम्मेदवारी दर्ता गराउने महाधिवेशन प्रतिनिधि प्रकाश खनालले बताए।

३२ पदका लागि शनिवार राष्ट्रिय आधारभूत विद्यालय निर्मलबस्तीमा मतदान हुने निर्वाचन अधिकृत यादवले बताए।

**महानगर र नगरमा उम्मेदवारी दर्ता भएन**

नेपाली काङ्ग्रेस, पर्साको वीरगंज महानगर र तीनवटा नगरपालिकामा बिहीवार कसैले पनि उम्मेदवारी दर्ता गराएनन्। निर्वाचन तालिका अनुसार शुक्रवार दिउँसो १ बजेसम्म उम्मेदवारी दर्ताको समय रहेकोले सो अवधिसम्म सहमतिको प्रयासका लागि कसैले पनि उम्मेदवारी दर्ता नगराएको बताइएको छ। वीरगंज महानगरमा पार्टी कार्यालयमा उम्मेदवारी दर्ताको लागि आज निर्वाचन अधिकृतहरू कुरेर बसे तर कसैले पनि उम्मेदवारी दर्ता गराएनन्। महानगर सभापतिका लागि आकाङ्क्षीहरूबीच सहमतिको प्रयास गरिएको छैन। कुनै पनि उम्मेदवार सहमतिमा आउन नचाहेकाले प्रयास नगरिएको हो। जिल्ला सभापतिको लागि भने सहमतिको प्रयास जारी छ।

यता, पर्सागढी, बहुदरमाई र पोखरिया नगरपालिकामा पनि नगर सभापतिको लागि कसैको उम्मेदवारी परेन। यहाँ पनि भोलि दिउँसो एक बजेसम्म समयसीमा रहेकोले सहमतिको प्रयास भइरहेको कारण आज कसैले पनि उम्मेदवारी दर्ता गराएनन्।

मधेस प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन
वीरगंज, पर्सा

सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

दोस्रोपटक प्रकाशित मितिः २०७८/११/१२

यस कार्यालयबाट पाइप जाली खरीद कार्यको ठेक्का नं. GWBRJ11/078–79, Delivery and Supply of Pipe Materials को लागि विद्युतीय सिलबन्दी दरभाउपत्र आह्वानको सूचना दोस्रोपटक प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरीद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत हेर्न सकिनेछ।

(डिभिजन प्रमुख)

